INTERNATIONAL
COMMISSION
OF JURISTS

# नेपालको नयाँ सञ्चार अध्यादेश : मुख थुन्ने शक्ति

डिसेम्बर २००५

# नेपालको नयाँ सञ्चार अध्यादेश : मुख थुन्ने शक्ति

## सँक्षेंप

श्री ५ ज्ञानेन्द्रले सन् २००५ को अक्टोवर ९ तारीखका दिन 'सञ्चारसगं सम्वन्धित केही नेपाल कानून संसोधन गर्ने अध्यादेश' (अध्यादेश) लागु गरे जस्ले सञ्चारसगं सम्वन्धित नेपालको छ मुख्य कानुनहरुको संशोधन गर्‍यो । यस संशोधनले सञ्चारमाथी अप्रिल २००५ सम्मको तिनमहिने संकटकालका समयमा लागू भएका प्रतिवन्धहरुलाई अझै कडा पार्‍यो[1] र नेपालमा अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सुचना प्राप्त गर्ने हकलाई अझै संकुचीत गर्ने नयाँ सिमाहरु लागु गर्‍यो ।

अध्यादेश लागु गरीएपछी सरकार यसलाई कार्यान्वयन गर्ने दिशामा अग्रसर भयो । अधिकारीहरुले अक्टुवर २१ का दिन कान्तिपुर एफ. एम. को रेडियो स्टेशनमा छापा मारी विना अनुमती प्रसारण रिले गरेको आरोपमा स्याटेलाईट अपलिंक उपकरणहरु जफत (कब्जा) जफत गरे ।

अभिव्यक्ति स्वतन्त्रता सिमाविहीन स्वतन्त्रता होईन । तथापि नेपाललाई पनि वन्धनकारी अर्न्तराष्ट्रिय मानव अधिकार कानून अर्न्तगत अभिव्यक्ति तथा विचारको स्वतन्त्रतामाथीको कुनै पनि वन्देज तिन प्रकारको परीक्षणपश्चात मात्र वैध हुन्छ । त्यस्तो वन्देज कानूनमानै स्पष्ट रुपमा उल्लेखीत हुनुपर्दछ, अस्पष्ट, अत्यन्त वृहद र वहुअर्थि हुनुहुदैन । यसको उद्देश्य अन्तराष्ट्रिय कानुनअर्न्तगत स्विकार गरीएको सिमीत वैध लक्षहरु मध्ये एक हुनुपर्दछ । अन्तमा लागु गरीएको वन्देज उल्लेखीत लक्षकोप्राप्तिका लागी स्पष्ट रुपमा आवश्यक र समानुपातिक भन्दा वढि हुनुहुदैन ।

सरकारी पक्षबाट उल्लेख गरीएअनुसार अध्यादेश लागु गर्नुको उद्देश्य सञ्चार क्षेत्रलाई चुप लगाउनु र अभिव्यक्ति स्वतन्त्रताको नियन्त्रण गर्नु नभई अनुशासन कायम गर्नु हो ।[2]

तर अध्यादेशद्वारा गरीएको संशोधनले यस तिन प्रकारको परीक्षण संग मेल खादैन, साथै नेपालको आफ्नै सविंधानद्वारा प्रत्याभुत अभिव्यक्ति स्वतन्त्रताको समेत उल्लंघन गरेको छ ।

अस्पष्ट र गलत रुपमा परिभाषीत कतिपय प्रावधानहरुले यस कानुनको स्वेच्छाचारी र वदनियपुर्ण प्रयोगको लागी ढोका खोलेका छ । यस अध्यादेशले सरकारद्वारा अवैधानिक तवरमा सञ्चार क्षेत्रको स्वतन्त्रता एवं नेपाली जनताको सुचना प्राप्त गर्ने अधिकारको दमन गर्न प्रयोग गरीएका समाचार प्रशारणमा प्रतिवन्ध, सरकारको आलोचना र सञ्चारमाध्यममा हुने राजनैतीक रुपमा सरकारको लागी संवेदनशिल वहसहरुको दमन, विदेशी सञ्चार माध्यमको पहँचमा कठोर नियन्त्रण र पत्रकारहरुलाई व्यवहारीक रुपमा कार्यसम्पादन गर्नमा रोक जस्ता गैरन्यायीक अभ्यास र बन्देजहरुलाई कानूनी खोल ओढाउन खोज्दछ ।

---

[1] The ICJ conducted a mission to Nepal in November 2004 and again in March 2005. The report setting out the missions' findings and recommendations, "Nepal: The Rule of Law Abandoned", is available at www.icj.org.
[2] Kantipur online, 18 October 2005 http://www.kantipuronline.com/kolnews.php?&nid=54823

फेब्रुअरी १, २००५ वाट सञ्चार क्षेत्रको घाटिँ थिच्ने सरकारी प्रयासलाई पत्रकारहरुले विशेषरुपमा प्रतिरोध गरेका थिए। यस अध्यादेशको माध्यमवाट सरकारले पत्रकारहरुद्वारा समाचार संकलन, विश्लेषण, टिप्पणीका लागी आवश्यक वैध प्रजातान्त्रिक स्थानको रक्षा गर्न प्राप्त गरेको सफलता फिर्ता लिनका लागी कानूनको प्रयोग गरेको हो। यस अध्यादेशको कार्यान्वयनवाट सञ्चार क्षेत्रमा त्रासदिपुर्ण प्रभाव पर्नेछ। यसको प्रयोगबाट पत्रकारहरु कुन समयमा अधिकारीहरुले पत्रीकाको आवाज वन्द गर्नेछन, प्रशारण बन्द गर्नेछन वा सम्पूर्ण सञ्चार ठप्प पार्नेछन भन्ने पुर्वानुमान गर्ने कोसीश गर्नेछन जसवाट सञ्चार क्षेत्र गम्भीर आत्मनियन्त्रणतर्फ धकेलिनेछ। अभिव्यक्ति स्वतन्त्रता एक अधिकार हो, यो संधै महत्वपूर्ण हुन्छ, तर संभवत विषेशगरी हालको नेपालको सन्दर्भमा यस संकटको घडीमा कसरी द्वन्द र अर्न्तनिहित राजनैतिक, संवैधानिक, आर्थिक र सामाजीक मुद्दाहरु समाधान गर्ने भन्ने सम्वन्धमा समालोचनात्मक अभिव्यक्ति स्विकार गर्नका लागी यो महत्वपूर्ण हुन्छ। क्ष्क्ष्व सरकारलाई अध्यादेश खारेज गर्न र सञ्चारसगं सम्वन्धित सम्पूर्ण प्रचलीत कानूनहरुको नेपालको सविंधान र अर्न्तराष्ट्रिय मानव अधिकार कानुनहरुको आधारमा पुनरावलोकन गर्नका लागी अपिल गर्दछ।

यस दस्तावेजमा उल्लेखित अध्यादेश सम्वन्धि केहि मुख्य बुंदाहरु निम्न प्रकार छन :

**एफ एम रेडियोवाट समाचार प्रशारणमा लगाईएको रोक जारी :** राष्ट्रिय प्रशारण ऐनमा भएको संसोधनले समाचार प्रशारकहरुलाई प्रसारण अनुमती माग्नमा रोक लगाई सरकारवाट रेडियो स्टेशनहरुलाई समाचार प्रसारणमा रोक लगाएको छ। रेडियो ऐनमा भएको संसोधनले केही प्रसारकहरुलाई अनुमती प्राप्त गर्न सजिलो पारेको छ भने समाचार प्रसारण गर्ने प्रसारकहरुका लागी विद्यमान झंझटिलो र स्वेच्छाचारी किसीमको अनुमती प्रकृया कायमै राखेको छ। सरकार ले समाचार प्रसारकहरुका विरुद्ध भेदभाव गर्नुहुदैन र तत्काल समाचार प्रसारकहरुले अनुमतीका लागी आवेदन गर्नसक्ने अवस्था सुनिश्चित गर्ने, समाचार प्रसारणमा लगाईएको रोक समाप्त गर्ने एवं् एफ एम स्टेशन विरुद्धको कुनै पनि कानुनी कार्यवाहि रोक्ने कार्य गर्नुपर्दछ।

**विषयवस्तुमाथीको अस्प्रष्ट र स्वेच्छाचारी प्रतिवन्ध :** अध्यादेशले राजा तथा राजपरीवारका अन्य सदस्यहरुको आलोचनामा प्रतिवन्ध लगाई सरकार तथा सार्वजनिक व्यक्तित्वहरुको आलोचना अझै सिमीत गर्न खोजेको छ। यसले 'नेपालको असलंग्न परराष्ट्र नितीको विरुद्ध हुने' कार्यक्रम प्रशारणमा रोक वा 'राष्ट्रिय स्वार्थ तथा सम्मानमा प्रतिगामी असर पार्ने' विदेशी प्रकाशनमा रोक लगाउने जस्ता गलत रुपमा परीभाषित प्रावधानहरुको व्यवस्था गरेको छ। यस्ता अस्प्रष्ट प्रावधानहरुले कुनैपनि वैध लक्ष्य प्राप्त हुन सक्दैन। यस्ता व्यवस्थाहरुले वैध अभिव्यक्तिहरुलाई दमन गर्नको लागी कानूनको स्वेच्छाचारी र दोषपूर्ण प्रयोगको मौकामात्र प्रदान गर्दछ। गालीवेईज्जती लाई फौजदारी अपराधको रुपमा लिने कानूनहरु खारेज गर्ने विश्वव्यापी लहरको विपरीत यस अध्यादेशले गाली वेईज्जतीमा नाटकिय एवं् गैरसमानुपातिक ढंगवाट आर्थीक जरीवाना र कैदमा वृद्धि गरको छ। यस्ता प्रावधानहरुले नेपालमा अभिव्यक्ति स्वतन्त्रतामा गम्भिर असर पार्नेछ।

**विदेशी श्रोतको समाचार प्रवाहमा वन्देज :** राष्ट्रिय समाचार समितीवाट वितरण गरीने समाचारको विषयवस्तुमा लागु गरीएको झन्झटिलो र दुरुह व्यवस्था एवं् विदेशी समाचार विकीका लागी प्राप्त गनुपर्ने आवश्यक अनुमतिका कारणले नेपालका नागरिकहरुले विदेशी समाचार संस्थँहरुबाट अर्थपूर्ण समाचार प्राप्त गर्ने संभावनालाई अझै न्यून वनाएको छ। यसको दुरगामी प्रभावका रुपमा नेपालमा सञ्चालित विदेशी समाचार संस्थाहरुको सङ्ख्यामा गिरावट आउन सक्नेछ र देशका नागरीकहरु वाहिरी विश्वबाट कमीकरुपमा अलग्गीनेछन।

**सरकार-नियन्त्रित प्रेस काउन्सिलको पत्रकारलाई रोक लगाउने अधिकार :** सरकारी नियन्त्रणवाट मुक्त नरहेको प्रेस काउन्सिललाई हाल पत्रकारहरुको प्रतिनिधी प्रमाणपत्र खारेजीका लागी सरकारसमक्ष सिफारीस गर्ने अधिकार प्रदान गरीएको छ। पत्रकारहरुले कार्यसम्पादनका लागी प्रतिनिधी प्रमाणपत्र प्राप्त गर्न आवश्यक छैन र त्यसमा पनि विशेषगरी स्वतन्त्र अस्तित्वविहीन संस्थावाट त्यस्तो अनुमती प्राप्त गर्न आवश्यक छैन।

**दुई भन्दा वढि प्रकारको सञ्चारको स्वामित्वमा वन्देज:** सञ्चार माध्यमहरुमाथीको स्वामित्व केन्द्रित भएको कारणले रेडियो, टेलीभिजन र पत्रपत्रिकाहरुमध्ये दुई भन्दा वढि प्रकारको सञ्चारमाध्यमको स्वामित्वमा प्रतिवन्ध लगाईएको प्रमाणीत गर्न सरकार असफल भएको छ। यसका विपरीत यो संसोधनले सरकारको एक आलोचकको रुपमा रहेको कान्तिपुर लाई मात्र प्रभाव पार्न खोजेको छ।

# विषय सुची


| | पृष्ठ |
|---|---|
| सँक्षेप | १ |
| परीचय | ७ |
| अभिव्यीक्तको स्वतन्त्रता र अनुमतियोग्य वन्देजहरु : तिन किसिमको परीक्षण | ८ |
| नेपालको अन्तराष्ट्रिय मानव अधिकार उत्तरदायित्व | १० |
| नेपालको संविधानमा अभिव्यक्ति स्वतन्त्रता | १० |
| अध्यादेश | ११ |
| एफ एम रेडियो स्टेशनद्वारा समाचार संप्रेषणमा लगाइएको रोक जारी | ११ |
| ■ *अनुमतिको अनिवार्यताका आधारमा समाचार प्रसारणमा प्रतिवन्ध* | ११ |
| ■ *सुचना प्राप्त गर्ने हक* | १२ |
| रेडियो उपकरण संचालकहरुको विच विभेदपुर्ण अनुमति व्यवस्था | १३ |
| छापा तथा प्रशारण सञ्चार माध्यममा प्रतिवन्धित थपिएका विषयवस्तुका प्रकार | १५ |
| ■ *छापामा लगाईएको प्रतिवन्ध* | १६ |
| ■ *प्रशारणमा लगाईएको प्रतिवन्ध* | १८ |
| विदेशी श्रोतको समाचार प्रवाहमा लगाईएको प्रतिबन्ध | १९ |
| सरकार-नियन्त्रित प्रेस काउन्सिलको पत्रकारलाई कार्यवाहि गर्ने विशाल अधिकार | २० |
| दुई भन्दा वढि प्रकारको सञ्चारको स्वामित्वमा वन्देज | २२ |
| फौजदारी गाली वेईज्जतीमा गैरसमानुपातिक सँजाय | २३ |
| ■ *गालीवेईज्जती ऐनमा फौजदारी सँजाय* | २३ |
| अध्यादेशमा रहेका अन्य अस्पष्ट व्यवस्थाहरु | २५ |

# नेपालको नयाँ सञ्चार अध्यादेश : मुख थुन्ने शक्ति

## परिचय

सन् २००५ को फेब्रअरी १ तारीखका दिन राजा ज्ञानेन्द्रले आफुद्वारानै नियुक्त सरकार विघटन गरी शासनसत्ता आफ्नो हातमा लिए। उनले संकटकालको घोषणा गरे र नेपालको संविधानको मुलभुत मानव अधिकार र स्वतन्त्रताको प्रत्याभुती गर्ने लगायतका महत्वपूर्ण प्रावधानहरु निलम्बन गरे। संकटकालको घोषणाको लगत्तै सरकारले पत्रकार, राजनितीकर्मी, मानव अधिकार संरक्षकहरुलाई थुन्ने, पत्रपत्रिकालाई वलपुर्वक नियन्त्रण गर्ने, एफ एम रेडियो स्टेशनहरुलाई समाचार प्रसारणमा रोक लगाउने, ईन्टरनेट, मोवाईल र दुरसञ्चारको पहुँचमा रोक लगाउने र कैयौ दिनसम्म विमानस्थल वन्दगर्ने जस्ता कार्यहरु गऱ्यो।[3] २९ अप्रिल २००५ मा संकटकाल हटाईएपनि थुप्रै संवैधानिक अधिकारहरु व्यवहारमा पुनर्बहाली गरीएका छैनन र संचार विरुद्धको हस्तक्षेप चलिरहेको छ।[4] फेब्रअरी १, २००५ भन्दा अगाडि पनि सुरक्षावलद्वारा पत्रकारहरुलाई वारम्वार दिक्क पार्ने, थुन्ने, कुटपिट गर्ने, यातना दिने तथा हत्या गर्ने गरेको आरोपहरु लाग्ने गरेको थियो।[5]

सन् २००५ को अक्टोवर ९ तारीखका दिन राजाले 'सञ्चारसगं सम्वन्धित केही नेपाल कानून संसोधन गर्ने अध्यादेश' (अध्यादेश) लागु गरे जस्ले सञ्चारसगं सम्वन्धित नेपालको छ वटा मुख्य कानुनहरुको संशोधन गऱ्यो। सरकारले सञ्चार क्षेत्रलाई 'अनुशासीत'[6] बनाउन आवश्यक रहेकोले यो अध्यादेश ल्याइएको वताउंदै यसका प्रावधानहरु लागु गर्न शुरु गरीसकेको छ।

यस अध्यादेशले नेपाल अधिराज्यको संविधान २०४७ (संविधान) र प्रदत्त अभिव्यक्ति स्वतन्त्रताको हनन गरेको भन्दै नेपाल पत्रकार महासंघले अध्यादेशको वैधताको वारेमा सर्वोच्च अदालतमा चुनौती दिएको छ। २७ अक्टुवर देखी ७ डिसेम्वर का विचमा सर्वोच्च अदालतले सरकारका नाममा दुईवटा अन्तरीम आदेश जारी गर्दै संवैधानिक प्रश्नको निरोपण नभएसम्म अध्यादेश लागु नगर्न निर्देशन दिएको छ। अध्यादेश खारेज नगरीएको अवस्थामा यसले फेब्रुअरी १, २००५ मा लागु भएको संकटकालीन अवस्थामा अभिव्यक्ति स्वतन्त्रतामा लगाईएको वन्देजहरुलाई कायम गर्ने एवं नेपालमा प्रेस स्वतन्त्रता झनै कमजोर पार्ने नयँ सिमाहरु लागु गर्नेछ। यसका साथै यसवाट नेपाली जनताहरु अन्तराष्ट्रिय कानुन तथा सविंधानप्रदत्त सुचना प्राप्तगर्ने हकवाट समेत वञ्चित हुनेछन।

---

[3] See "The Defence of Press Freedom and Freedom of Expression in Nepal – A Report by the International Press Freedom and Freedom of Expression Mission to Nepal", July 2005, compiled by International Media Support. The following organisations participated: ARTICLE 19, Committee to Protect Journalists, International Media Support, International Press Institute, Press Institute of India, Reporters sans Frontières, South Asia Free Media Association, UNESCO, World Association of Community Radio Broadcasters, World Association of Newspapers, World Press Freedom Committee.

[4] The Government has relied on national security legislation – in particular the Terrorist and Disruptive Acts (Control and Punishment) Ordinance (TADO) – adopted during previous states of emergency to restrict civil rights. The Offences Against the State Act and the Public Security Act have also been used by the Government to silence critics. For example, between April and August 2005, student leader Gagan Thapa was repeatedly remanded into custody and released because of his alleged public criticism of the monarchy during a demonstration. See www.icj.org for related information.

[5] The International Federation of Journalists has reported that between 2002 and 2004 four journalists or media workers are suspected to have been killed by security forces in Nepal http://www.ifj.org/default.asp?Issue=KILL&Language=EN

[6] Kantipur online, 18 October 2005 http://www.kantipuronline.com/kolnews.php?&nid=54823

यस दस्तावेजले अध्यादेशद्वारा गरीएको संसोधन सविंधान तथा अन्तराष्ट्रिय कानुन एवं् अभिव्यक्ति स्वतन्त्रताको क्षेत्रमा रहेको स्तरअनुरुपको भए नभएको विश्लेषण गरेको छ। अन्तराष्ट्रिय मानव अधिकार महासन्धिहरुमा नेपालले जाहेर गरेको प्रतिवद्धतामा अन्तर्निहित उत्तरदायित्व अन्तर्गत नेपाली जनताहरुको मानव अधिकार र स्वतन्त्रताहरुको संरक्षण तथा प्रर्वधन गर्नको लागी नेपाल वाध्य छ।

सरकारद्वारा हालै जारी गरीएको सञ्चार अध्यादेशको प्रभावका वारेमा प्रस्तुत दस्तावेज केन्द्रित भैरहेको अवस्थामा नेपाल कम्यूनिष्ट पार्टि (माओवादी), (माओवादी) हरु आफ्नो प्रभावक्षेत्रमा अभिव्यक्ति स्वतन्त्रताप्रति असहिष्णु रहेको नियमित प्रतिवेदनहरु आईरहेका छन। विगतमा माओवादिहरुले फरक राजनैतिक विचार अभिव्यक्त गर्ने राजनैतिक दलका कार्यकर्ताहरुलाई धम्क्याउने, भयभित गर्ने एवं् हत्या गर्ने गरेका थिए। माओवादीहरुले पत्रकारहरुलाई पनि अपहरण र कैद गर्ने, निश्चित प्रकाशनहरुको विक्रि वितरणमा प्रतिवन्ध लगाउने, पत्रकारहरुलाई धम्क्याउने, कुटपिट गर्ने, यातना दिने, हत्या गर्ने कार्य गरेका र सुदुर पश्चिमाञ्चल क्षेत्रमा सञ्चालीत स्थानिय सामुदायिक एफ एम रेडियो स्टेशनको प्रसारण उपकरणहरु वलपुर्वक उठाईलगेका थिए।[7] २२ नोभेम्वर २००५ मा माओवादीहरुले सात राजनैतिक दलहरुसगं गरेको १२ वुदें समझदारीपत्रमा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्ने प्रतिवद्धता जनाएकाछन। कागजमा प्रकट गरीएको प्रतिवद्धता व्यवहारमा लागु हुन्छ कि हुँदैन हेर्न भने वांकि नै छ।

## अभिव्यक्तिको स्वतन्त्रता र अनुमतियोग्य वन्देजहरु : तिन प्रकारका परीक्षण

नागरीक तथा राजनैतिक अधिकारसम्वन्धि अर्न्तराष्ट्रिय अनुवन्ध (International Covenant on Civel and Political Rights - ICCPR) १९६६ को धारा १९ ले स्वतन्त्र अभिव्यक्तिको अधिकारलाई निम्नलीखीत वुंदाहरुमा उल्लेख गरेको छ।

क) प्रत्येक व्यक्तिलाई कुनै व्यवधानविना आफ्नो विचार राख्ने अधिकार हुनेछ।

ख) प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, यस अधिकार अर्न्तगत कुनै पनि सिमाको अधिनमा नरहि मौखिक, लिखित वा छापा वाट कलाको रुपमा वा आफुले चाहेको अन्य कुनै माध्यमवाट सुचना एवं् विचारहरु खोज्ने, पाउने र प्रवाह गर्ने स्वतन्त्रता हुनेछ।

अर्न्तराष्ट्रिय कानुनअर्न्तगत विचार र अभिव्यक्तिको स्वतन्त्रता सम्वन्धि अधिकार सिमाविहिन अधिकार होइन र यो वन्देजको विषय हुनसक्छ। तथापि वैध हुनका लागी त्यस्तो वन्देजले सोहि धाराको परिच्छेद ३ मा उल्लेखित कठोर तिन प्रकारको परिक्षण उर्तिण गरेको हुनुपर्दछ।

३. यस धाराको परिच्छेद २ ले प्रदान गरेका अधिकारहरुको प्रयोगमा विशेष कर्तव्य र उत्तरदायित्वहरु जोडिएका छन। त्यसकारण यसको प्रयोगमा केहि वन्देजहरु लगाईन सक्छ तर त्यस्तो वन्देज आवश्यक र कानूनले व्यवस्था गरे अनुरुपको मात्र हुनेछ।

क) अन्य व्यक्तिको अधिकार र प्रतिष्ठाको सम्मानको लागी

ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक अमनचैन, सार्वजनिक स्वास्थ वा नैतिकताको संरक्षणका लागी

---

[7] The International Federation of Journalists has reported that between 2002 and 2004 five journalists or media workers are suspected to have been killed by the Maoists. http://www.ifj.org/default.asp?Issue=KILL&Language=EN

अन्तराष्ट्रिय विधिशास्त्रद्वारा व्याख्या भएअनुसार यस्तो परिक्षणमा निम्नलिखित तत्वको आवश्यक्ता हुन्छ:

क) त्यस्तो वन्देज कानून तथा नियमअनुरुप लागु गर्नुपर्दछ (कानुनले तोकेवमोजीम)। त्यस्तो अवस्थामामात्र कानुनले तोकेवमोजीमको वन्देज मानिनेछ जुनवेला ऐन वा नियमले स्पष्ट रुपमा उल्लेख गरेको हुन्छ र त्यो अत्यन्त खुला एवं अस्पष्ट हुदैंन। त्यस वन्देजको व्याख्या स्पष्ट रुपमा व्यवहारलाई निर्देशन गर्नसक्ने किसिमको हुनुपर्दछ।[8]

ख) वन्देजको उद्देश्य वैध लक्ष्यको संरक्षण तथा प्रवर्धन हूनुपर्दछ। धारा १९(३) को परिच्छेद (क) र (ख) ले वैध लक्ष्यका तत्वहरुको रुपमा अन्य व्यक्तिको अधिकार तथा प्रतिष्ठाको सम्मान, राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्थाको संरक्षण वा सार्वजनिक स्वास्थ र नैतिकतालाई लिइएका छन। ECHR को धारा १० ले 'विश्वासको आधारमा प्राप्त सुचनाको प्रकाशमा रोक' र'न्यायपालिकाको आधिकारीकता र निष्पक्षता कायम राख्नका लागी' भनि दुई अतिरीक्त वैद्य लक्षहरुलाई समेत स्विकार गर्दछ।

ग) त्यस किसिमको लक्षप्राप्तिका लागी त्यो वन्देज आवश्यक हुनुपर्दछ। यसको मतलव त्यस वन्देजले जल्दोबल्दो सामाजीक आवश्यक्तालाई संवोधन गरेको हुनुपर्दछ र वन्देजको मात्रा त्यस वैध लक्ष्यप्राप्तिसंग समानुपातिक हुनुपर्दछ।[9]

मानव अधिकार सम्वन्धि युरोपेली महासन्धि को धारा १०, मानव अधिकार सम्वन्धि अमेरीकी महासन्धि को धारा १३ र थुप्रै राष्ट्रिय सविंधान एवं अधिकारपत्रहरुमा अभिव्यक्ति स्वतन्त्रताको अधिकार र अनुमतियोग्य वन्देजको परिक्षणका वारेमा समान रुपमा व्यवस्था गरीएका छन।[10] यस परिक्षणको व्यवस्था र अभ्यासको वारेमा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय न्यायाधिकरणहरुले वारम्वार सहमती प्रदान गरेका छन।[11]

[8] As stated by the European Court of Human Rights in the case of *Hashman and Harrup v United Kingdom* (1999) 30 EHRR 241, para.256:"A norm cannot be regarded as a "law" unless it is formulated with sufficient precision to enable the citizen to regulate his conduct. At the same time, whilst certainty in the law is highly desirable, it may bring in its train excessive rigidity and the law must be able to keep pace with changing circumstances.

[9] See, for example: Handyside v. the United Kingdom, 24 Eur. Ct. HR (Ser. A) (1976). ; Sunday Times v. the United Kingdom, (1979) 2 EHRR 245, 271.

[10] European Convention on Human Rights (ECHR), E.T.S. No.5, entered into force 3 September 1953; American Convention on Human Rights, O.A.S. Treaty Series No. 36, 1144 U.N.T.S 123, entered into force 18 July 1983; African Charter on Human and Peoples' Rights, adopted 27 June 1981, OAU Doc. CAB/LEG/67/3 rev.5, 21 I.L.M. 58 (1982) entered into force 21 October 1986.

[11] Most recently by the Human Rights Committee in *Rafael Marques v. Republic of Angola*, 18 April 2005, CCPR/C/83/D/1128/2002. See also: *Castells v. Spain*, 14 EHRR 445 (1992) and Sunday Times v. United Kingdom, 26 April 1979, 2 EHRR 245, para. 62.

# नेपालको अर्न्तराष्ट्रिय मानव अधिकार उत्तरदायित्व

नेपालले सन् १९९१ मे १४ मा नागरिक तथा राजनितीक अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय अनुवन्ध १९६६ अनुमोदन गरेकोछ। नेपालले अनुमोदन गरेका अन्य अर्न्तराष्ट्रिय मानव अधिकार महासन्धि हरुमा आर्थिक, सामाजिक, सास्कृतिक अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय अनुवन्ध, जातिय भेदभावका सवै स्वरुपहरुको उन्मुलन विषयक महासन्धि, महिला विरुद्धको भेदभाव सम्वन्धि महासन्धि, यातना तथा अन्य कुर, अमानविय वा अपहेलनात्मक व्यवहार वा संजाय विरुद्धको महासन्धि र बाल अधिकार विषयक महासन्धि रहेका छन ।[12]

नेपालको सन्धि ऐन २०४९ को धारा ९ का अनुसार 'नेपाल पक्ष भएको कुनै सन्धि प्रचलित कानुनसगं वाभ्रेको खण्डमा त्यस्तो कानुन खारेज हुनेछ ।' यस प्रावधानको परिणामस्वरुप अध्यादेश लगायत नेपालका सर्म्पुण कानुनहरुले नेपालले अनुमोदन गरेका अर्न्तराष्ट्रिय मानव अधिकार महासन्धिहरुको सम्मान गर्नुपर्दछ ।

यसका साथसाथै, नागरिक तथा राजनितीक अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय अनुवन्धको धारा २ ले 'अनुबन्धले स्विकार गरेका अधिकारहरुलाई प्रभावकारी रुपमा लागु गर्नका लागी आवश्यक विधायिकी तथा अन्य उपायहरु अपनाउनुपर्ने' उत्तरदायित्व राज्यमाथी राखेको छ । त्यसकारण यस्तो अवस्थामा सरकारले अर्न्तराष्ट्रिय कानुनसंग मेल खाने गरी विचार तथा अभिव्यक्ति स्वतन्त्रता अधिकारको संरक्षण तथा संवर्द्धनको सुनिश्चितताका लागी सकारात्मक कदम लिनु आवश्यक छ।

नेपालका भुतपुर्व प्रधानमन्त्रि सुर्यवहादुर थापाद्वारा २६ मार्च २००४ मा जारी 'मानव अधिकार तथा अर्न्तराष्ट्रिय मानविय कानुनको कार्यान्वयनमा श्री ५ को सरकारको प्रतिवद्धता' विषयक वहुप्रचारीत विज्ञप्तीमा सरकारले अभिव्यक्ति स्वतन्त्रता लगायत (विज्ञप्तीको १५औं परिच्छेदमा) मानव अधिकारको संरक्षण र प्रबर्द्धनमा आफ्नो उत्तरदायित्व स्विकार गरेको छ।

## नेपालको सविंधानमा अभिव्यक्ति स्वतन्त्रता

**धारा १२ स्वतन्त्रताको हक :**

(२) सवै नागरीकलाई देहायको स्वतन्त्रता हुनेछ ।

क) विचार र अभिव्यक्तिको स्वतन्त्रता ।

**धारा १३ छापाखाना र पत्रपत्रिका सम्वन्धि हक :**

(१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामाग्री प्रकाशित गर्न पुर्व प्रतिवन्ध लगाईने छैन ।
तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्वन्धमा खलल पर्ने वा राजद्रोह, गालीबेईज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामाग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन ।

(३) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामाग्री प्रकाशित गरेबापत कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन ।

**धारा १६ सूचनाको हक :**

प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।

[12] See: http://www.lrwc.org/pub2.php?sid=58.

# अध्यादेश

प्रस्तुत लिखतको यस भागमा अध्यादेशद्वारा गरीएको संशोधनको विस्तृत विश्लेषण गरीएको छ । यस संशोधनवाट अभिव्यक्ति स्वतन्त्रताको हकमा परेको असरहरुको मुल्यांकन तथा अध्यादेश र सो वाट प्रभावित कानूनहरुलाई कसरी अर्न्तराष्ट्रिय मानव अधिकार को स्तर अनुरुप वनाउन सकिन्छ भन्ने वारेमा सुझावहरु प्रस्तुत गरीएको छ ।

## एफ एम रेडियो स्टेशनद्वारा समाचार संप्रेषणमा लगाइएको रोक जारी

### ■ *अनुमतिको अनिवार्यताका आधारमा समाचार प्रसारणमा प्रतिवन्ध:*

सन् २००५ को फेव्रुअरी १ मा राजाले संकटकालको घोषणा गरेपछि सरकारद्वारा सञ्चारक्षेत्रमा लागू गरीएका विभिन्न वन्देजहरुमध्ये एफ एम रेडियो स्टेशनहरुलाई समाचार प्रसारणमा लगाइएको रोक एक थियो । त्यसरी लगाईएको रोकको कानूनि आधार राष्ट्रिय प्रसारण ऐन २०४९ (प्रसारण ऐन) को दफा ७ मा रहेको वताइन्छ जसले सरकारलाई एक पटकमा ६ महिनामा नवढ्ने गरी कुनै पनि विषयमा कुनै पनि कार्यकमको प्रशारणमा रोक लगाउने शक्ति प्रदान गर्दछ । तद्अनुरुप समाचारमुलक कार्यकममा लागेको रोक २ अगष्ट २००५ मा समाप्त हुनुपर्नेमा सरकारले सो मिती पछि पनि रोक लगाईरह्यो ।[13]

१० अगष्ट २००५ मा सर्वोच्च अदालतले समाचार प्रसारण गरेको आधारमा रेन्वो एफएम लाई तत्काल कुनै कार्यवाहि नर्गन सरकारका नाममा अन्तरिम आदेश जारी गरेपश्चात अन्य एफएम स्टेशनहरुले पनि समाचार प्रशारण कार्यक्रमहरु शुरु गरे ।[14] अदालति आदेशको अवज्ञा गर्दै सरकारले ९ अगष्ट २००५ मा अध्यादेश लागु गर्‍यो र तत्पश्चात सुचना तथा सञ्चार मन्त्रालयले १८ र १९ अक्टोवरमा सार्वजनिक सुचना जारी गर्दै सवै एफएम हरुलाई अध्यादेशद्वारा संशोधित प्रसारण ऐनको दफा ५ अन्तर्गत यस्तो प्रशारण गैरकानूनी हुने जनाउदै सोहि आधारमा समाचार प्रसारण रोक्ने निर्देशन जारी गरेको थियो ।

वास्तवमा प्रसारण ऐनले समाचार प्रसारण गर्नु सोझै गैरकानुनी वनाएको थिएन । बरु प्रसारण ऐन (धारा ४) ले अनुमतिपत्र विना कुनै पनि कार्यक्रम प्रसारण गर्नमा बन्देज लगाएको छ । समाचारप्रसारणकर्ताहरुलाई प्रसारण अनुमतिपत्रको दावेदारीका लागी दर्खास्त दिनसक्ने समुहवाट वाहेक गर्नका लागी धारा ५ मा संशोधन गरीएको थियो । संशोधनले समाचारमुलक कार्यकमलाई सूचनामुलक कार्यकममा परिणत गर्‍यो, जवकि पहिले कुनैपनि समाचारमुलक कार्यक्रम प्रसारणकर्ताले अनुमतिपत्रको लागी आवेदन दिन सक्दथे । सुचनामुलक कार्यकमको परिभाषाअर्न्तगत राजनिती, सरकारी तथा वैदेशिक निती सामेल छैन, वरु यो स्वास्थ्य, जनसङख्या, वातावरण, मौसम, सडक यातायात, विकास कार्य सगं सम्वन्धित विषयमा जानकारी उपलव्ध गराउने दृष्टिले वनाईएका र जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरुमा सिमीत छ । यसप्रकार समाचार मुलक कार्यक्रमहरु प्रसारण गर्न चाहने प्रसारणकर्ताहरुलाई अनुमतिपत्र आवेदन गर्नमा नै रोक्न सकिने भयो ।

---

[13] After 2 August 2005, some of the FM stations chose to resume broadcasting the news, including Rainbow FM Pvt. Ltd., an independent private commercial radio station. On 3 August 2005, the Government sent a letter to Rainbow FM, demanding an explanation for why the station was broadcasting news in violation of the Government's directive and asking the station's operators to provide reasons for why its license should not be terminated, as contemplated by Section 8 of the Broadcasting Act. Rainbow FM filed a petition with the Supreme Court and on 10 August 2005 the Court issued an interim order instructing the Government not to restrict the broadcasting of news by the petitioner.

[14] See footnote 13, above.

यदि साच्चै नै प्रसारण ऐनको संसोधनका प्रभावहरु यहि नै भएमा, एफएम रेडियो स्टेशनहरु विरुद्धको सरकारी कार्यवाहिलाई यसले अझ वलियो पार्नेछ । अध्यादेशले समाचार प्रसारण गर्न वन्देज लगाएको छैन, तर समाचार प्रसारणकर्ताहरुलाई प्रसारण अनुमतिपत्र प्राप्त गर्न एवं कायम राख्न कठिन वा असम्भव बनाएकोले वन्देजसरह नै छ । सूचना तथा सञ्चार मन्त्रालयले १९ अक्टुवर २००५ मा एफएम स्टेशनहरुलाई जारी गरेको सूचनाले सरकारको मुख्य लक्ष्य वास्तवमा समाचार प्रसारणमा बन्देज लगाउनु हो भन्ने कुरा प्रष्ट पारेको छ ।

त्यसो भएतापनि, प्रसारण ऐनको धारा १६(१) र (२) ले सरकारलाई समाचार प्रसारणमा बन्देज लगाउनबाट रोक्नसक्छ, जसअनुसार समाचार प्रसारण गर्नु एफएम रेडियो लगायत सबै प्रसारणकर्ताहरुको कार्य हो । यो प्रावधान धारा ५ भन्दा माथी लागु हुन्छ जुन माथी उल्लेख गरीएअनुसार अनुमतिपत्र प्राप्त गर्ने प्रकृयासगं सम्वन्धित छ र जसले कुनै निश्चित कार्य गर्न बन्देज लगाएको छैन ।

> २१ अक्टोबर २००५ मा सूचना तथा सञ्चार मन्त्राालयका अधिकारीहरु कान्तिपुर एफएमको परिसरमा स्याटेलाईट अपलिंकको जांच गर्न पुगे । पछि सोहि दिन साझं सुरक्षाकर्मीले स्टेशनलाई घेरेर भित्र पसि स्याटेलाईट अपलिंकका उपकरणहरु जफत गरे । त्यस समयमा सरकारले प्रसारण ऐनको धारा ५ को प्रयोग नगरी धारा ११ को प्रयोग गरेको दावि गर्‍यो, जसअनुसार 'कुनैपनि प्रसारणकर्ताले सरकारी अनुमतिबिना प्रसारण रिले गर्न पाउदैन।' २६ अक्टोवर २००५ मा सुचना तथा सञ्चार मन्त्रालयले कान्तिपुर एफएमको नाममा एउटा पत्र काट्दै संशोधित प्रसारण ऐनको प्रावधान विपरीत समाचार प्रसारण गरेकाले यस संस्थाको अनुमतिपत्र किन खारेज नगर्ने भन्ने वारेमा स्पष्टिकरण माग गरेको थियो। ११ नोभेम्वरमा सर्वोच्च अदालतले अध्यादेश लागु नगराउनका लागी सर कारको नाममा अन्तरिम आदेश जारी गर्न अस्विकार गरेको थि\यो ।

## ■ सूचना प्राप्त गर्ने हक

समाचारका कार्यकमहरुको प्रसारणमा बन्देज लगाउन गरीएका कानूनि तथा ब्यवहारिक कार्यहरुले नेपालीहरुको नागरिक तथा राजनितिक अधिकार सम्वन्धि अर्न्तराष्ट्यि अनुबन्धको धारा १९(२) ले प्रदान गरेको 'सूचना खोज्ने, प्राप्त गर्ने तथा प्रवाह गर्ने' हकको उल्लंघन गरेको छ । सूचनाको हकले बाध्य गरेअनुसार नेपाली जनतालाई सम्भव भएसम्म धेरै श्रोतका र धेरै विषयमा सूचना प्राप्त गर्ने अधिकार छ । संयुक्त राष्ट्रसघिंय मानव अधिकार समितीद्वारा उल्लेख गरिएअनुसार, 'आधुनिक आमसञ्चारको बिकासले गर्दा, प्रत्येक व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा खलल पर्नेगरी गरीने सञ्चारमाथीको नियन्त्रण रोक्न प्रभावकारी उपायहरुको आवश्यक्ता छ ।[15]

४६ सदस्यराष्ट्र भएको युरोपेली परिषदका मन्त्रिहरुको भर्खरै सम्पन्न वैठकले अभिव्यक्ति र सूचनाको स्वतन्त्रताको पुर्ण उपयोगमा सञ्चार वहुलवादको महत्व पुनः स्विकार्दै प्रस्ताव पारीत गरेको छ ।[16]

समाचार प्रसारण गरेका आधारमा सञ्चारका माध्यममा प्रसारणकर्ताहरुको पहूंचलाई रोक्न हुदैंन । नेपालका नागरीकहरुको सूचना प्राप्त गर्ने हक छ र उनिहरुलाई विभिन्न स्रोतवाट समाचार प्राप्त गर्ने अधिकार छ ।

---

[15] General Comment on Article 19 of the ICCPR, adopted by the Human Rights Committee at its 461st meeting on 27 July 1983, UN Doc. A/38/40,109.

[16] Resolution adopted at the 7th European Ministerial Conference on Mass Media Policy, 10-11 March 2005, MCM(2005)005.

१९ अक्टोवर २००५मा एफएम स्टेशनहरुलाई समाचार प्रसारणमा रोक लगाउनका लागी जारी गरीएको आदेशले निवेदकको सुचनाको हक हनन भएको भन्दै दायर गरीएको तुलसीराम निरौला विरुद्ध सूचना तथा सञ्चार मन्त्रालय समेतको मुद्दामा ३० नोभेम्वर २००५ मा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्दै १९ अक्टोवर को आदेश लागू नगराउनकालागी मन्त्रालयलाई निर्देशन दियो ।[17] यस आदेशले गर्दा अस्थायि रुपमा भएपनि देशभरीका भण्डै ५० एफएम लाई समाचार प्रशारणको वाटो खोलीदियो ।[18]

**सुभावहरु**

सरकारले समाचारमुलक कार्यक्रमहरुको प्रसारणमा लगाएको रोकको अन्त गर्नुपर्दछ र एफएम रेडियो स्टेसनहरु विरुद्धको सवै कानुनि कार्यवाहिहरु त्याग्नुपर्दछ ।

समाचार प्रसारकहरुलाई अनुमतिपत्रका आधारमा समाचार प्रसारण गर्नबाट रोक्न खोज्ने प्रसारण ऐनको दफा ५ मा भएको संशोधन खारेज गर्नुपर्छ ।

## रेडियो उपकरण संचालकहरुको विच विभेदपुर्ण अनुमति व्यवस्था

रेडियो ऐन २०१४ (रेडियो ऐन) ले सवै रेडियो यन्त्रका धनि र सञ्चालकहरुलाई रेडियो यन्त्रको अनुमतिपत्रको आवश्यक पर्ने व्यवस्था गर्दै प्रसारण कार्यक्रम सञ्चालनकालागी प्रयोग हुने सम्पुर्ण यन्त्रहरुलाई रेडियो यन्त्रको रुपमा परिभाषित गरेको छ । अध्यादेशले रेडियो ऐनमा संशोधन गरी केहि प्रसारणकर्ता हरुलाई अनुमतिपत्र प्राप्त गर्न सजिलो पारेको छ भने समाचार प्रसारण गर्ने प्रसारणकर्ताहरुका लागी साविकको अनुमति व्यवस्था नै कायम राखेको छ ।

अध्यादेशले रेडियो ऐनको दफा ३ मा नयां स्पष्टिकरण थप गर्दै रेडियो ऐन अर्न्तगत रेडियो यन्त्रको प्रयोग गर्न अनुमति प्राप्त गर्नुनपर्ने व्यक्तिहरुको प्रकार थप गरेको छ । यसभन्दा अगाडि दुरसञ्चार ऐन २०५३ अर्न्तगत दुरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिप्राप्त व्यक्ति, वा सो व्यक्ति का उपभोक्ताले रेडियो ऐन अर्न्तगत अतिरिक्त अनुमति प्राप्त गर्न आवश्यक थिएन। नयां स्पष्टिकरण अनुसार उपग्रह, केवुल वा अन्य कुनै माध्यमवाट कार्यक्रम प्रसारण गर्न अनुमति लिएका व्यक्ति वा व्यवसायिक संस्था/शिक्षाप्रद, मनोरञ्जनात्मक तथा सुचनामुलक कार्यक्रम प्रसारण गर्ने व्यक्ति वा व्यवसायिक संस्था तथा तिनका ग्राहकहरुले यस ऐन अर्न्तगत छुट्टै अनुमतिपत्र लिन आवश्यक छैन ।

कस्ता प्रकारका कार्यक्रमहरु शिक्षाप्रद, मनोरञ्जनात्मक तथा सुचनामुलक हुन्छन भनि कुनै परिभाषा गरिएको छैन । तथापि, राष्ट्रिय प्रसारण ऐनको दफा ५ मा गरीएको संशोधनको आधारमा माथीउल्लेख गरिसकेजस्तै यसले समाचारमुलक कार्यक्रमलाई छुटाएको छ । यसप्रकार यस संशोधनले केवुल तथा उपग्रह प्रसारणकर्ताको प्रशाशनिक भञ्भटलाई घटाएको देखिएपनि समाचार प्रसारण गर्ने व्यक्ति वा व्यवसायिक संस्था तथा तिनका ग्राहकहरुलाई रेडियो ऐन अर्न्तगत अनुमतिपत्र प्राप्त गर्नुपर्ने दायित्व थपेको छ ।

---

[17] MoIC order 19 October 2005 "" As the Ordinance to Amend some Media related Acts, 2062 has amended section 5 of the National Broadcasting Act, 2049 by replacing the term 'News Related Programme' with the term 'Information Related Programme', and moreover defined Information related Programme as ' programmes to inform and to aware people information about development and construction related subjects like health, education, population, environment, weather and road transportation', now all Frequency Modulation (FM) stations are informed through this notice not to broadcast any news programmes. This notice is published to inform all concerned, that action in accordance to the National Broadcasting Act, 2049 would be taken against all broadcaster, broadcasting (news) against above mentioned law."

[18] http://www.ifex.org/en/content/view/full/70789/

रेडियो ऐनले सृजना गरेको अनुमतिपत्रको व्यवस्था एकदमै झन्झटिलो हुनुका साथै मनोमानीपुर्ण देखिन्छ। रेडियो यन्त्र भन्नाले के जनाउंछ भन्ने परिभाषा एकदमै वृहद छ र यसले रेडियो ट्रान्समिटर, वाकीटकि, कर्डलेस फोन तथा टेलीभिजन उपकरण समेत १४ किसीमका उपकरणलाई परिभाषामा पारेको छ।[19] यसका साथै अनुमतिपत्र प्राप्त गर्ने कुनै निश्चित आधार तोकिएको छैन र सरकारले मनोमानीपुर्ण ढंगवाट कुनै व्यक्ति वा यन्त्र लाई अनुमति प्रकृयावाट वाहेक गर्न सक्छ। ऐनको दफा ४ ले 'कुनै शर्त उल्लेख गरी वा नगरी' सरकारले कुनै व्यक्ति, सस्थां वा रेडियो यन्त्रलाई ऐनको आवश्यकतावाट वाहेक गर्नसक्ने उल्लेख गरेको छ।

रेडियो ऐनले उल्लेख गरेका यन्त्रहरु सविंधानको धारा १६ र नागरिक तथा राजनितिक अधिकार सम्वन्धि अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ ले स्विकार गरेको अभिव्यक्ति स्वतन्त्रताको हकको एक तत्वको रुपमा रहेको सूचना प्राप्त गर्ने तथा प्रवाह गर्ने हकको उपयोगका लागी अत्यावश्यक छन। नेपाल जस्तो जनसङख्याको ठुलो प्रतिशत सुचनाको मुख्य श्रोतको रुपमा रेडियोमा भर पर्ने मुलुकमा सूचनाको हक उपयोगमा रेडियो उपकरणको महत्व झनै वढि हुन्छ।[20] नागरिक तथा राजनितिक अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय अनुबन्धको धारा १९ ले स्पष्ट रुपमा नागरिकहरु सुचना प्राप्त गर्नका मौखिक, लिखित, छापा अथवा कला वा उनिहरुको ईच्छाअनुरुपको जुनसुकै सञ्चार माध्यमको छनौट गर्न स्वतन्त्र हुन्छन भनि उल्लेख गरेको छ।

ICJ को विचारमा रेडियो ऐनको दफा ३ अनुसार अनुमतिपत्रविना रेडियो यन्त्र राख्न, वनाउन वा उपयोग गर्नमा लगाईएको बन्देज कुनै पनि प्रकारको सञ्चार माध्यमवाट सुचना प्राप्त गर्नसक्ने अधिकारमा अनुमति प्रकृयाको माध्यमवाट गरीएको सिमीतता लाई पुष्टि गर्नसक्ने बैध लक्ष होइन। अन्तर्राष्ट्रिय रुपमा प्रसारणकर्ताहरुलाई अनुमति प्रकृया को उपादेयता प्रसारण गरीने कार्यक्रमहरुको विषयमा रहेको सिमीतता हो जसका कारण प्रसारणमा बहुलता कायम गर्न सर कारी भुमिका आवश्यक पर्छ।[21] प्रसारणमा उपयोग गरिने उपकरणका सम्वन्धमा भने यस्तो कुनै आधार छैन। रेडियो ऐनमा संसोधनको को उद्देश्य सुचना प्रवाहमा सरकारी नियन्त्रणको स्थापना गर्नु देखिन्छ।

कानुनमा अनुमतिपत्र प्राप्त गर्न आवश्यक आधार नखुलाईएकाले अनुमति सम्बन्धि व्यवस्था 'कानुनले तोकेवमोजिम' भएको को हो भन्न मिल्दैन। अन्तमा, अध्यादेशले सञ्चार क्षेत्रमा गरेको संशोधनले कुनै वैध उद्देश्यविना नै समाचार प्रसार कहरु विरुद्ध भेदभाव गरेको छ। सरकारले समाचार प्रसारकहरुलाई संशोधनभित्र नपारी समाचारमुखी सञ्चार माध्यमको घाटिं निमोठ्ने अन्य कार्यहरुलाई निरन्तरता दिएकोमा ICJ चिन्तित छ।

**<u>सुझावहरु</u>**

समाचार प्रसारणकर्ताहरुविरुद्ध कानूनीरुपमा कुनै भेदभाव गरिनु हदैंन।

सरकारले सवै रेडियो यन्त्रहरुलाई अनुमति प्रकृयावाट हटाउनुपर्छ। कम्तिमा अभिव्यक्ति स्वतन्त्रताको हकमा बन्देज पार्न सक्ने कुनै पनि अनुमति प्रकृया नागरिक तथा राजनितिक अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय अनुबन्धको धारा १९ सगं मेल खाने हुनुपर्दछ र सरकारी नियन्त्रणवाट स्वतन्त्र निकायवाट सञ्चालन हुनुपर्दछ।

---

[19] By virtue of Section 18 of the Radio (Communications) License Rules 1992, ordinary radios and television sets are not covered by the definition.

[20] See note 3, above.

[21] Article 10(2) of the European Convention on Human Rights specifically contemplates the licensing of broadcasters on this basis.

## छापा तथा प्रशारण सञ्चार माध्यममा प्रतिवन्धित थपिएका विषयवस्तुका प्रकार

यस अध्यादेशले छापाखाना तथा पत्रपत्रिका सम्वन्धि ऐन २०४८ (छापाखाना ऐन) तथा प्रसारण ऐन दुवैमा व्यापक संशोधन गरेको छ र यसले राजाद्वारा भर्खरैसम्मको संकटकालको समयमा सञ्चार माध्यममाथी लादिएको बन्देजलाई कडा पार्ने तथा जारी राख्ने उद्देश्य पुरा गर्छ । यस संशोधनले सजांय नभोगीकन प्रकाशन वा प्रसारण गर्न नसकिने विषयवस्तुको व्यापकतामा वृद्धि गरेको छ ।

प्रतिवन्धित विषयवस्तुको व्यापकतामा वृद्धि गर्नु एक प्रकारको पुर्वप्रतिवन्ध हो र यस्तो कार्यले सञ्चार क्षेत्रमा अनुपयुक्त हस्तक्षेप र नियन्त्रण लागु हुन्छ । संविधानको धारा १३(१) मा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामाग्री प्रकाशित गर्न पुर्व प्रतिवन्ध लगाईने छैन भनि उल्लेख भएको छ । यसै धाराले उल्लेखित केहि विशेष अवस्थाहरुमा अभिव्यक्तिहरुमा मुनासिव प्रतिवन्ध लगाउनसक्ने गरी कानून वनाउन सकिने उल्लेख गरेको छ ।[22] तथापि त्यस्तो प्रतिवन्ध त्यस समयमा मात्र मुनासिव हुनेछ जव अभिव्यक्ति स्वतन्त्रताको हकलाई सिमित पार्ने त्यस्तो वन्देजले वैधताको लागी तिन प्रकारको परिक्षणमा उल्लेख गरीएका व्यवस्थाहरुसंग मेल खान्छ ।

ICJ को विचारमा छापाखाना ऐन र प्रसारण ऐनले लागुगरेका विषयवस्तुमाथीको प्रतिवन्ध र अध्यादेशले गरेको विस्तारहरु आवश्यक छैन र यसले कुनै वैध उद्देश्य पुरा गर्दैन । त्यसमा पनि प्रतिवन्धका लागी प्रयोग गरीएका शव्द र अवधारणा अस्पष्ट भएकाले यसले छापालाई अनुमतियोग्य र प्रतिवन्धित अभिव्यक्ति विचको सिमाको वारेमा निर्देशित गर्न नसक्ने हुनाले यसलाई कानूनले तोकेवमोजिमको भन्न सकिदैन ।

---

[22] Article 13 of the Constitution permits the adoption of laws that will impose restrictions "on any act which may undermine the sovereignty and integrity of the Kingdom of Nepal, or which may jeopardize the harmonious relations subsisting among the peoples of various castes, tribes or communities; or on any act of sedition, defamation, contempt of court or incitement to an offence; or on any act against which may be contrary to decent public behaviour or morality."

## ■ छापामा लगाईएको प्रतिबन्ध

छापाखाना ऐनको दफा १४(१) ले श्री ५ वा राजपरिवारको विरुद्ध घृणा, द्वेष फैलाउने, अपमान वेइज्जती हुने वा श्री ५को सम्मानमा खलल पार्ने कुनै पनि पुस्तक, पत्रपत्रिका, लेख वा सामाग्री प्रकाशनमा पहिलेदेखी नै प्रतिवन्ध लगाएको छ। अध्यादेशले त्यस प्रतिवन्धलाई विस्तार गरी श्री ५ का साथसाथै राजपरिवारका सदस्यहरुको सम्मानमा खलल पार्ने कार्यलाई पनि सजांयभागी बनाएको छ।

संसारभरिनै विभिन्न अदालत र न्यायाधिकरणहरुले अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा अनावश्यक खलल पार्छन भन्ने आधारमा राष्ट्रप्रमुख तथा अन्य सार्वजनिक अधिकारीहरुको आलोचनामा प्रतिवन्ध लगाउने कानुनहरु खारेज गर्दैआएका छन।[23] भर्खरैमात्र संयुक्त राष्ट्रसंघिय मानव अधिकार समितीले उल्लेख गरेअनुसार, नागरिक तथा राजनितिक अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय अनुबन्धको धारा १९ को परिच्छेद २ मा उल्लेखित अभिव्यक्ति स्वतन्त्रताको अधिकारअर्न्तगत कुनै सजांय वा व्यवधानविता व्यक्तिहरुले खुला र सार्वजनिक रुपमा उनिहरुको सरकारको मुल्यांकन गर्नपाउने अधिकार सामेल छ।[24]

संवैधानिक राजतन्त्रलाई मरेको जनावरको रुपमा चित्रण गरेर राजनैतिक कार्टुन प्रकाशन गरेको हुनाले ६ जना पत्रकार हरुलाई पक्रने सरकारको योजनाले कसरी छापाखाना ऐनको दफा १४ को पुर्ण असमानुपातिक प्रयोग गरेर अभिव्यक्ति स्वतन्त्रताको हनन गर्न सकिन्छ भन्ने चित्रण गर्दछ।[25] प्रकाउ नगरीकननै केवल दण्डको धम्किमात्र दिनुले पनि कानूनसम्मत अभिव्यक्तिप्रति अनादरयुक्त प्रभाव पार्दछ। कानूनि तथा अन्य कम औपचारीक दण्ड आकर्षित हुनबाट वच्नका लागी नेपालमा सञ्चारले प्रकाशनपुर्व आत्मप्रतिबन्धको अभ्यास शुरु गरीसकेका छन। त्यस्तो वातावरणलाई प्रोत्साहन गरेर सरकारले नागरिक तथा राजनितीक अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय अभिसन्धिको धारा २ अनुसारको अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रर्वधनको लागी अपनाउनुपर्ने सकारात्मक मापदण्डको उत्तरदायित्व प्रभावकारी रुपमा भंग गरेको छ।

अध्यादेशले छापाखाना ऐनको दफा १४ मा नंया परिच्छेद (ग)(१) थप गरेर वर्तमान कानूनले अपराध भनेको कुनैपनि कृयाकलापलाई प्रोत्साहन गर्न बन्देज लगाएको छ। सविंधानको धारा १३ र नागरिक तथा राजनितीक अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय अभिसन्धिको धारा १९ ले सार्वजनिक शिष्टाचार र नैतिकतामा खलल पर्ने विषयमा वन्देज लगाउन अनुमति त प्रदान गरेको छ तर सबै आपराधिक कृयाकलापले सार्वजनिक शान्ति शिष्टाचार एवं् नैतिकतामा खलल पार्दैनन्। त्यसभन्दा पनि 'प्रोत्साहन' शव्दलाई यस वन्देजले वृहद र गलत रुपमा परिभाषित गरेको छ। सविंधानले छापाको कुनै व्यवहारले अपराधगर्नमा दुरुत्साहन प्रदान गरेमा मात्रै बन्देज लगाउन सकिने स्पष्ट पार्दै उच्चस्तरको परिभाषा गरेको छ। यसैप्रकारले नागरिक तथा राजनितीक अधिकार सम्वन्धि अर्न्तराष्ट्रिय अनुबन्ध धारा २० ले राष्ट्रिय, जातिय वा धार्मिक

---

[23] The European Court of Human Rights decision in *Castells v. Spain*, Judgment of 23 April 1992, Series A no. 236, is one of many judgments in which the Court reiterates the principle that public officials and governments should tolerate more, rather than less criticism. Additionally, the U.S. Supreme Court decision in *New York Times Co. v. Sullivan*, 376 US 254 (1964), which held that the right to free expression protects even false statements made about public officials – absent any actual malice – has been cited with approval by courts around the world.

[24] Sri Lanka, for example, repealed its criminal defamation law in June 2002, and Ghana repealed its law in 2001. Argentina, Peru, Costa Rica and Paraguay also repealed their *desecato* laws within the last two years. The last time an action for criminal defamation was brought in the UK was in the 1970s, and it was unsuccessful.

[25] Reported by the Committee to Protect Journalists, 25 August 2005. The cartoon was published in the papers *Kantipur* and the *Kathmandu Post*.

घृणाको वकालतबाट भेदभाव, युद्ध अथवा हिंसातर्फ दुरुत्साहन गर्ने कार्यहरुलाई बन्देज लगाउनुपर्ने जनाउछं। यसप्रकार को व्यवस्थाले राज्यले छापा प्रकाशनलाई बन्देज लगाउन अनुमतियोग्य अवस्थाहरु निकै न्युन भएको चित्रण गर्दछ।

वर्तमान अवस्थामा सरकार तथा सुरक्षा निकायवाट नजिकवाट नियालीइरहेको र धेरै सास्ति खेपिरहेको सञ्चार जगतले वास्तविक वा अपराध मानिएको विषयवस्तुलाई प्रकाशन गरेकै आधारमा प्रोत्साहन गरेको परिभाषित गर्न सकिनेप्रति ICJ चिन्तित छ। सविंधान र नागरिक तथा राजनितीक अधिकार सम्वन्धि अन्तर्राष्ट्रिय अनुबन्धको व्यवस्था अनुरुप हुनको लागी उपदफा (३)क पुनर्तर्जुमा गर्नुपर्दछ । अध्यादेशमा गरीएका व्यवस्थाले कुनै स्पष्ट वैध लक्ष्य प्राप्त गर्दैन र यसमा समानुपातिकताको अभाव छ। यो सेन्सरसिपको उपयुक्त र मनासिव स्वरुप होईन।

छापाखाना ऐनको दफा १६(१)मा पनि संशोधन गरी यदि सो प्रावधानमा अस्पष्ट शव्दहरुमा उल्लेखीत परिणामहरु उत्पन्न गर्न सक्ने भएमा विदेशि पत्रपत्रिकाको आयातमा रोक लगाउन सक्नेगरी सरकारलाई अधिकार प्रदान गरीएको छ। जसअन्तर्गत (क) राष्ट्रिय स्वार्थ तथा सम्मानमा नकारात्मक असर पार्ने (ग) विदेशि राष्ट्र तथा सरकारहरुसंगको सम्वन्धमा खलल पार्ने (घ) आतंककारी, आतंकवाद वा विध्वंसात्मक कार्यहरुलाई सहयोग, समर्थन वा प्रश्रय दिने, कार्यहरु पर्दछन।

यस संशोधनले दफा १६(१) को (ख) र (ङ) लाई हटाएको छ, जुन एक सकारात्मक पक्ष हो किनकी यी प्रावधानहरु अस्पष्ट किसीमका थिए। तथापि थपिएका नयां प्रावधानहरुले नेपालमा सुचना प्रवाहमाथीको राजाको नियन्त्रणलाई वलियो पार्दछन। अध्यादेशले सरकारलाई 'आतंककारी, आतंकवाद वा विध्वंसात्मक कार्यहरुलाई सहयोग, समर्थन वा प्रश्रय दिनसक्ने किसीमको' सामाग्रीहरुको आयातमा वन्देज लगाउन सक्षम वनाएको छ। यि मध्ये कुनैपनि शव्दको परिभाषा गरीएको छैन र यस प्रतिवन्धको वृहत व्याख्या र लागु गर्नसकिने जोखिम छ।

अन्तर्राष्ट्रिय कानून अर्न्तगत यदि शव्दहरुले अरुहरुलाई आतंककारी कार्य गर्न दुरुत्साहन गर्छ भने मात्र आतंकवादलाई सहयोग गर्ने आधारमा सञ्चारमाध्यमको लेख बन्देज गर्न सकिन्छ। शब्दहरु र संचालन गर्न लागीएका आतंककारी कार्यहरु विच स्पष्ट प्रत्यक्ष सम्वन्ध भएको देखाउन आवश्यक हुन्छ। 'राष्ट्रिय सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता र सुचनामा पंहुच सम्वन्धि जोहन्सवर्ग सिद्धान्त' ले अभिव्यक्ति स्वतन्त्रता र राष्ट्रिय सुरक्षाविचको सम्वन्धमा उपयोगी मार्गनिर्देशन गर्दछ, र यसभित्र आतंकवादविरोधि मापकहरु पर्दछन। जसअनुरुप,

'...... को अधिनमा रहि सरकारले निम्नलिखित अवस्था दर्शाउन सकेमा मात्र अभिव्यक्तिलाई राष्ट्रिय सुरक्षामा खतराको रुपमा सजायं गर्न सकिन्छ।

(क) आसन्न हिंसा भड्काउन दुरुत्साहन गर्ने उद्देश्यको अभिव्यक्ति,
(ख) त्यस्तो अभिव्यक्तिले सो हिंसा भड्काउने अवस्था,
(ग) त्यस्तो अभिव्यक्ति र त्यस्तो हिंसा हुनु वा हुन खोज्नुमा प्रत्यक्ष र तात्कालिक सम्वन्ध हुनुपर्दछ।[26]

व्यवहारमा सञ्चार लेखहरुले त्यस्तो सम्वन्ध पुरा गर्दछ भन्नु केवल उच्च अपवादको अवस्था हो। सरकारी नितीको आलोचना र विवादास्पद राजनैतिक विचारको छलफललाई आतंकवादी कार्यतर्फ दुरुत्साहन गरेको भनेर भ्रमित हुनुहुदैंन। नेपालमा अहिले विद्यमान रहेजस्तै संकटका समयमा, अवस्थाका वारेमा समालोचनात्मक विचार प्रस्तुत गर्न र समस्याको समाधानका लागी अभिव्यक्ति स्वतन्त्रता र सञ्चार महत्वपुर्ण हुन्छन। संशोधनले बैध राजनैतिक एवं सामाजीक असन्तुष्टि र सञ्चार छलफललाई छेक्नका लागी प्रयोग हुने अस्प्ट र मनोमानिपुर्ण व्यवहारहरुलाई ढाकछोप गर्न कानुनि आधार निम्त्याउने छ।

---

[26] Johannesburg Principles on National Security, Freedom of Expression and Access to Information, Principle 5.

## ■ प्रसारणमा लगाईएको प्रतिवन्ध

प्रसारण ऐनको धारा १५ ले सोहि धारामा उल्लेखित प्रतिवन्धित सामाग्रीहरुसगं सम्वन्धित विज्ञापनहरु प्रसारण गर्न पहिलदेखी नै बन्देज लगाएको थियो। प्रतिवन्धित सामाग्रीहरुमा राजनैतिक दलहरुलाई नकारात्मक असर पार्ने सामाग्रीहरु, अशिष्ट सामाग्रीहरु, जनमानसमा असामान्य डर र आतंक श्रृजना गर्ने किसिमका सामाग्रीहरु समावेश थिए।

अध्यादेशले दफा १५ संशोधन गरी त्यस्तो बन्देज विज्ञापनमा मात्र नभएर सबै प्रकारमा कार्यक्रमहरुमा कायम गर्‍यो। प्रतिवन्धित विषयवस्तुहरुको सुचीमा 'नेपालको असंलग्न परराष्ट्र निती विपरीतका सामाग्रीहरु' र 'वर्तमान कानूनले प्रसारण गर्न वन्देज लगाएको विषय वा सामाग्री' अतिरीक्त विषयका रुपमा थप गरीएको छ।

> २७ नोभेम्वर २००५ मा प्रहरीको एक समुहले रेडियो सगरमाथाको प्रसारण सामाग्री जफत गरी चारजना पत्रकार हरुलाई पक्राउ गर्‍यो। प्रहरीले सुचना तथा सञ्चार मन्त्रालयका तर्फवाट भनि जनिएको दुईवटा छुट्टा छुट्टै पत्र दियो जसमा रेडियो स्टेशनलाई प्रसारण उपकरण हस्तान्तरण गर्न र अर्को सुचना प्रकाशित नभएसम्म कार्यक्रम वन्द गर्न भनिएको थियो। ति मध्ये एक पत्रमा सरकारले रेडियो स्टेशनलाई राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा १५ (घ),(झ) र अनुमतिपत्र को व्यवस्था उल्लंघन गरी आतंकवाद र आतंककारीलाई प्रोत्साहन गर्ने कार्यक्रम प्रसारण गरेको आरोप लगाएको थियो। यसरी रेडियो स्टेशन वन्द गर्ने कार्य BBC नेपाली सेवाले माओवादी नेता प्रचण्डसगंको कुराकानी प्रसारण गर्ने भनिएको दिन भएको थियो। पत्रकारहरुलाई त्यसको भोलीपल्ट रिहा गरीएको थियो। २९ नोभेम्वर का दिन सर्वोच्च अदालतले जारी गरेको अन्तरिम आदेशका बावजुद सरकारले रेडियो सगर माथालाई BBC नेपाली सेवा रिले गर्ने अनुमती दिएन। ७ डिसेम्वर का दिन सर्वोच्च अदालतले रेडियो सगर माथालाई BBC नेपाली सेवा प्रसारण गर्नदिन निर्देशन दिदैं सरकारका नाममा दोश्रो रोक्का आदेश जारी गर्‍यो।

धारा १५ मा गरीएको संशोधनले त्यस प्रावधानवाट विपक्षी राजनैतिक दलहरुको सुचना प्रवाह गर्न पाउने अधिकारको र क्षा गर्ने परिच्छेद २ हटाएको छ। स्पष्ट रुपमा प्रतिवन्ध नलगाइएको भएतापनि यदि प्रसारणकर्ताहरु त्यस्ता विषयवस्तुको कानुनी अवस्थाका वारेमा विश्वस्त छैनन भने विपक्षि दलहरुलाई सञ्चारको पहुचं प्राप्त गर्नमा अझै कठिन हुनसक्नेछ।

धारा १५ ले व्यवस्था गरेको विषयवस्तुप्रतिको प्रतिवन्धको प्रकृति शेन्सरसिप सरहको छ। त्यसकारण तिन प्रकारको परि क्षण अनुसार उचित नठहर्‍याएसम्म यस्ता व्यवस्थाबाट अर्न्तराष्ट्रिय मानव अधिकार कानुनको उल्लंघन हुन्छ।

प्रसारण ऐनको नंया दफा १५ मा उल्लेख भएका धेरैजसो प्रतिवन्धहरु अस्पष्ट रुपमा मस्यौदा गरीएका र कानुनद्वारा तोकिए वमोजीमका छन भन्न नसकिने खालका छन। नेपालको असंलग्न परराष्ट्र नितीविरुद्धको सामाग्री प्रसारणमा लगाईएको वन्देज त्यसको एक उदाहरण हो। नेपालभित्र समाचारको यस्ता अभावमा, स्वतन्त्र प्रेसको कुनैपनि सदस्यलाई वास्तवमा नेपालको असंलग्न विदेश निती के हो र कुन समयमा आफु त्यो नितीविरुद्ध जादैंछु भन्ने निर्धारण गर्न कठिन हुन्छ। स्पस्टताको अभावमा यस प्रावधानको गलत प्रयोग हुनसक्ने खतरा रहेकोहुदा यस प्रावधानलाई खारेज गरीनुपर्छ।

विषयवस्तुप्रतिको प्रतिवन्ध कुनैपनि कानुनि लक्ष्य पुरा गर्न असक्षम छन। उदाहरणको लागी राजनैतिक दलहरुलाई नकार त्मक असर पार्ने कुनैपनि सामाग्री प्रसारण गर्न बन्देज लगाईएको परिच्छेद (क) को व्यवस्थाले सरकारी गलत कामको प्रसारण गर्न बन्देज लगाउदंछ। सरकारी असक्षमता र भ्रष्टाचारको भण्डाफोर गर्नमा लगाईएको बन्देज स्विकार्य कानुनी

लक्ष्य होईन, न संविधान अर्न्तगत न ICCPR को धारा १९ अर्न्तगत। त्यसका विपरीत, वास्तवमा यो त्यस्तो जानकारी हो जस्को प्रसारण अभिव्यक्ति स्वतन्त्रताको हकद्वारा संरक्षित हुन्छ।[27]

अन्य अस्पष्ट प्रतिवन्धहरुमा अशिष्ट सामाग्री, असामान्य डर पैदा गर्ने किसीमका सामाग्रीहरु एवं कुनै जातविरुद्ध गलत व्याख्या गर्ने सामाग्रीहरु पर्दछन। ICCPR को धारा १९ अर्न्तगत वैध लक्ष्यका रुपमा लीईएको सार्वजनिक शिष्टाचार र सार्वजनिह नैतिकताको रक्षाका लागी प्रसारणमा वन्देज लगाउने कार्य कार्य सरकारको लागी वैध हुनेछ तर यसका लागी कानुनमा विस्तृत व्याख्या र निश्चित व्यवस्थाको आवश्यक्ता हुन्छ।

प्रसारण विषयवस्तुलाई अझ सिमीत गर्ने प्रसारण ऐनको नयां धारा १५ खारेज गरिनुपर्छ। राजनैतिक दलको सुचना आदानप्रदान गर्ने हकको रक्षा गर्ने प्रसारण ऐनको दफा १५(२) पूनः लागु गरीनुपर्छ।

**सुझावहरु**

छापाखाना ऐनको दफा १४, १५ र १६ वाकिं रहेको विषयवस्तु माथीको प्रतिवन्ध हटाउनको लागी क्ष्ञ्० सरकार लाई आग्रह गर्दछ। यदि यी प्रावधानहरु नहटाउने हो भने नेपालको संविधान र ICCPR को धारा १९ ले अनुमति प्रदान गरेअनुरुपको सिमीत बन्देजसंग मेल खानेगरी संसोधन गरिनुपर्छ।

'कुनै पनि भौगोलिक सिमाको अधिनमा नरहि' व्याप्त अभिव्यक्ति स्वतन्त्रताको हनन् गर्ने हुनाले विदेशि सञ्चार को आयातमा लगाईएको वन्देज हटाइनुपर्छ।

## विदेशी श्रोतको समाचार प्रवाहमा लगाईएको प्रतिबन्ध

राष्ट्रिय समाचार समिती ऐन २०१९ (समाचार समिती ऐन) ले नेपालभित्र र वाहिर समाचार प्रवाहका लागी सरकारी स्वामित्व तथा नियन्त्रणमा रहने समाचार समितीको सृजना गर्न सरकारलाई अधिकार प्रदान गरेको छ। त्यस्तो समितीको रुपमा रहेको राष्ट्रिय समाचार समिती (रासस) सरकारको आधिकारीक प्रवक्ता हो र यसले ऐनको दफा १७ मा उल्लेख गरीएअनुसार 'नेपालको अन्य राष्ट्रहरुसंगको सम्वन्धमा वा विश्व शान्तिमा शंका उत्पन्न गराउने' किसिमको समाचार प्रवाहमा प्रतिवन्ध लगायतको विभिन्न प्रकारको विषयवस्तुप्रतिको बन्देज पालना गर्नुपर्दछ।

समाचार समिती ऐनको दफा ३२(१) ले नेपालभित्र नेपालसम्वन्धि विदेशी समाचार संकलन र वितरण गर्न अन्य समाचार समितीलाई बन्देज लगाएको छ। सरकार वा राष्ट्यि समाचार समिती बाहेक अन्यलाई समाचार वेच्न अथवा वितरण गर्नमा विदेशि समाचार समितीलाई बन्देज लगाईएको थियो। हाल आएर अध्यादेशमा गरीएको संशोधनले (नयां धारा ३२(२)) गर्दा सरकारको अनुमति प्राप्त गरी विदेशी समाचार समितीहरुले उनिहरुको समाचार नेपालमा विकि गर्न सक्छन। राष्ट्रिय समाचार समितीलाई समाचार बेच्न अथवा वितरण गर्न कुनै अनुमतिको आवश्यक्ता पर्दैन।

[27] See for example European Court of Human Rights, *Sürek v Türkey* (No 2), Judgment of July 8, 1999, Application 2452 22 /94, para.29; See also Johannesburg Principles, supra, Principle 2(b) "In particular a restriction sought to be justified on the grounds of national security is not legitimate if its genuine purpose or demonstrable effect is to protect interests unrelated to national security, including for example, to protect a government from embarrassment or exposure or wrongdoing (...)".

संशोधनले विदेशि समाचार समिती माथीको पुर्व प्रतिवन्धमा केहि सुधार गरेको भएतापनि यो सुधार केवल देखावटि छ। विदेशी समाचार समितीहरुले समाचार बिक्रीका लागी सरकारी अनुमति कसरी प्राप्त गर्ने भन्ने कुनै निश्चित संयन्त्र नभएको र रासस माथी लागु गरिएको कष्टदायक विषयवस्तु प्रतिवन्धका कारण, विदेशी समाचार समितीका खास महत्वपुर्ण समाचारहरु नेपाली जनतासम्म यस बाटोवाट पुग्न सक्नेमा शंका छ। त्यसमाथी यस व्यवस्थाको दिर्घकालीन प्रभावको रुपमा नेपालमा सञ्चालीत विदेशी समाचार समितीको सङ्ख्या घट्नेछ, जसले क्रमिकरुपमा नेपाली जनतालाई अन्तर्राष्ट्रिय समुदायवाट एक्ल्याउनेछ।

ICCPR को धारा १९ ले अभिव्यक्ति स्वतन्त्रताको हक कुनैपनि भौगोलिक सिमाको अधिनमा नरहि लागु हुने व्यवस्था गरेको छ। समाचार समिती ऐनको संशोधित धारा ३२(२) ले नेपालमा विदेशि छापाखानाको हक र नेपाली जनतालाई सविधानको धारा १६ ले निश्चितता प्रदान गरेको सूचना प्राप्त गर्ने हक हनन गरेको छ।

**सुझाव**

समाचार समिती ऐनको दफा ३२ खारेज गर्न अथवा विदेशी समाचार समितीलाई समाचार वेच्न सरकारवाट लिनुपर्ने अनुमतिको प्रावधान हटाउनका लागी ICJ सरकारसमक्ष आग्रह गर्दछ।

## सरकार-नियन्त्रित प्रेस काउन्सिलको पत्रकारलाई कार्यवाहि गर्ने विशाल अधिकार

नेपालमा प्रेस काउन्सिल सरकारद्वारा नियुक्त र नियन्त्रण गरिने निकाय हो। यसको प्राथमिक कार्य भनेको आचारसंहिता लागु गरी प्रेसलाई नियमित गर्नु र पेशाप्रतिको पहुंचलाई नियन्त्रण गर्नु हो। सञ्चारमाध्यमको कार्यहरु नियन्त्रण उत्तर दायित्व पाएका गर्ने कुनै पनि निकाय सरकारको नियन्त्रणबाट मुक्त हुनुपर्छ र स्वतन्त्र देखिनैपर्छ।[28] तर प्रेस काउन्सिलको हकमा यो अवस्था विद्यमान छैन।

यस बर्ष सेप्टेम्वर महिनाको अन्तमा, रिपोर्टर्स् सान्स फ्रन्टियर्स (Reporters Sans Frontiers) ले सूचना तथा सञ्चार मन्त्रालयले राज्यद्वारा जारी गरीने विज्ञापनहरुका सम्वन्धमा विभिन्न निर्देशन जारी गर्दै राज्यका सम्पुर्ण निकायहरुलाई त्यस्ता विज्ञापनहरु 'राष्ट्र, राष्ट्रियता र राजतन्त्रप्रति सर्मपित' सञ्चार माध्यमहरुलाई मात्र प्रदान गर्न निर्देशन दिएको औंल्यायो।[29] मन्त्रालयले सो घोषणा जारी गर्नुभन्दा पांच दिन अगाडि प्रेस काउन्सिलले विक्रीवितरणको आधारमा ३२२ वटा पत्रपत्रिकाहरुको वरियताक्रम प्रकाशित गर्‍यो। ठुलो मात्रामा विक्रि वितरण हुदांहुदै पनि सरकारका आलोचना गर्ने केहि पत्रपत्रिकाहरुलाई 'क' बर्गवाट 'ख' वर्गमा घटुवा गरीएको छ। राजतन्त्रको सर्मथन गर्ने केहि पत्रपत्रिकाहरुलाई 'ख' बर्गवाट

[28] A number of the mechanisms which would ensure the independence of the Press Council are lacking in the Act. For example, the Council is required to obtain the Government's permission prior to accepting funds from foreign governments and agencies (Section 13(3)) and the Government can prescribe how the Council's fund is to be operated (s.13(4)).

[29] 29 September 2005, www.rsf.org.

[30] In February 2005, following the state of emergency but prior the promulgation of the Ordinance, the International Federation of Journalists (IFJ) estimated that at least 600 journalists had already lost their jobs in Nepal as a result of the restrictions imposed on the media and the general level of insecurity within the profession. Restricting access to advertising revenues and increased powers granted to the Press Council will further weaken this already fragile sector. See: IFJ Report, "Coups, Kings and Censorship", released February 2005.

'क' मा बढुवा गरीयो र परिणामस्वरुप ति पत्रपत्रिकाहरुले राज्यको विज्ञापन कोषप्रतिको पंहुचमा प्राथमिकता प्राप्त गर्ने भए । २४ सेप्टेम्वर २००५ मा समाचारपत्र तथा पत्रपत्रिकाका सम्पादकहरुले पुर्वाग्रहपुर्वक तयार गरीएको सो वरि यताक्रमको विरोध गर्दै प्रेस काउन्सिल कार्यालय अगाडि विरोध प्रर्दशन गरे ।[30]

यस अध्यादेशले प्रेस काउन्सिल ऐनको दफा १२(२)(घ) को संशोधन गरेको छ । संशोधनपुर्व प्रेस काउन्सिलले लगातार रुपमा व्यवसायिक आचार संहिताको उल्लंघन गर्ने पत्रकारलाई सरकारद्वारा प्रदान गरीएका कूनै पनि सुविधा अथवा विशेषाधिकारहरु आशिंक वा पुर्णरुपमा खारेज गर्नका लागी सरकारसमक्ष सुझाव प्रस्तुत गर्नसक्थ्यो । यस संशोधनले काउन्सिललाई पत्रकारहरुको प्रतिनिधी प्रमाणपत्र खारेज गर्नका लागी सुझाव प्रस्तुत गर्नसक्ने सम्मको थप अधिकार प्रदान गरेको छ । प्रेस काउन्सिल सरकारको नियन्त्रणवाट मुक्त नभएकोहुंदा सरकारले प्रेस काउन्सिलको सुझाव मान्ने छैन भन्न सकिदैन ।

सरकारकै एक अङ्गका रुपमा प्रेस काउन्सिलद्वारा यस अतिरिक्त शक्तिको दुरुपयोग हुनेछ भन्ने कुरामा ICJ चिन्तित छ ।[31] अनुमतिपत्रकै रुपमा कार्यगर्ने प्रमाणपत्रको व्यवस्थाद्वारा पत्रकारहरुलाई उनिहरुको प्रमाणपत्र खारेज गर्ने धम्किद्वारा नियन्त्रण गर्नसकिन्छ । अन्तर अमेरीकी मानव अधिकार अदालतद्वारा निर्णय गरीएअनुसार पत्रकारीता पेशा गर्नका लागी कानुनद्वारा कुनै संस्थाको अनिवार्य सदस्यताको व्यवस्था गर्नु मानव अधिकारसम्वन्धि अमेरीकी महासन्धिको धारा १३ विपरित हुन्छ । (यस महासन्धिको धारा १३ ले ICCPR को धारा १९ ले व्यवस्थागरेकै शव्दहरुमा अभिव्यक्ति स्वतन्त्रताको हकको व्यवस्था गरेको छ ।)[32] पत्रकारहरुले अनुमति लिनुपर्ने कानूनले व्यक्तिगत रुपमा पत्रकारहरुको सूचना खोज्ने र प्रवाह गर्ने अधिकारको मात्र हनन गदैन कि जनताहरुको विना कुनै अवरोध सूचना प्राप्त गर्ने अधिकारको समेत हनन गर्दछ ।[33]

**सुझाव**

प्रेस काउन्सिल सांचो अर्थमा स्वतन्त्र निकायको रुपमा स्थापित नभएसम्म यससगं पत्रकारहरुको प्रतिनिधी प्रमाणपत्र खोस्नका लागी सुझाव दिनसक्ने सम्मको अधिकार हुनुहुंदैन भन्ने ICJ सुझाव दिन्छ । प्रेस काउन्सिल ऐनमा गरिएको संशोधन खारेज गरिनुपर्छ ।

संचार क्षेत्र स्वनियन्त्रित हुनुपर्छ र पत्रकारहरुले व्यवसायिक कार्य गर्नका लागी प्रतिनिधी प्रमाणपत्र प्राप्त गर्नु आवश्यक हुनुहुंदैन ।

यसपश्चात ICJ यो सुझाव दिन्छ कि अन्य देशहरुमा जस्तै (उदाहरणका लागी स्वीडेन, संयुक्त अधिराज्य) पत्रकारहरुले स्वतन्त्ररुपमा प्रेस काउन्सिलको सुझाव स्विकार गर्ने कि नगर्ने निर्णय गर्न पाउनुपर्छ र प्रेस काउन्सिलको शक्ति अगाडि झुक्न वाध्य पारिनुहुंदैन ।

[31] The lack of independence of regulatory and oversight bodies in Nepal has already been documented by the ICJ. See for example, the ICJ's open letter sent to King Gyanendra in June 2005, calling on the King to take steps to ensure the independence of the National Human Rights Commission.

[32] *Compulsory Membership in an Association Prescribed by Law for the Practice of Journalism*, Advisory Opinion OC-5/85, 13 November 1985, (Ser. A) No.5.

[33] *Ibid.*, para. 84.

# दुई भन्दा वढि प्रकारको सञ्चारको स्वामित्वमा बन्देज

अध्यादेशले प्रसारण ऐनमा नयां दफा ७(१) को माध्यमबाट अर्को एक कष्टदायक संशोधन गर्‍यो जसले दुईवटा भन्दा वढि प्रकारको सञ्चारस्वामित्वमा बन्देज लगायो। यस प्रावधान अर्न्तगत कुनैपनि एउटै कानुनी निकाय सम्भावित तीन सञ्चार माध्यम, रेडियो, टेलिभिजन र छापा मध्ये दुईभन्दा बढि सञ्चार माध्यम सञ्चालनार्थ अनुमतिपत्र वा सञ्चालन प्रमाणपत्र प्राप्त गर्नका लागी योग्य हुनेछैनन। तिनैवटा सञ्चारमाध्यम सञ्चालन गर्न हाल अनुमतिपत्र प्राप्त गरीरहेका कुनै पनि निकायले एक वर्षभित्रमा ति मध्ये एक सञ्चार त्याग्नु आवश्यक छ।

माथि उल्लेख गरिएजस्तै अभिव्यक्ति स्वतन्त्रताको पुर्ण उपभोगका लागी आवश्यक बहुलता प्राप्त गर्न समाजमा सञ्चार को केन्द्रिकरणको मात्रा नियन्त्रण गनुएक महत्वपुर्ण मापकको रुपमा स्विकार गरीएको छ। तथापि सञ्चार स्वामित्वमाथीको प्रतिबन्ध ( र यसका माध्यमबाट सञ्चारका माध्यमप्रतिको पहुंच) ले अभिव्यक्ति स्वतन्त्रताको हकमा खलल उत्पन्न गर्दछ, त्यसमकारण बैध हुनका लागी यस्ता प्रतिबन्धले तिन प्रकारको परिक्षण उतिर्ण गर्नुपर्छ। परिक्षणको तिनै भाग उतिर्ण गरेको स्थापित गर्ने अभिभारा सरकारको हुन्छ।

सरकारले देशमा सञ्चार स्वामित्वको केन्द्रिकरणको मात्रा सञ्चार वहुलतालाई बेवास्ता गर्दै अभिव्यक्ति स्वतन्त्रतालाई नकारात्मक असर पार्ने अवस्थामा पुगीसकेको छ भन्ने स्थापित गर्न कुनै कोशिस गरेका छैन। विगत चार बर्षमा भएका घटनाहरुले देखाए अनुसार नेपालमा सरकार आफैं नै सञ्चार वहुलवाद र अभिव्यक्ति स्वतन्त्रताको मुख्य खतराको रुपमा रहेको अवस्थामा यो मापदण्ड दुषित मनसायपुर्ण छ भन्ने कुरामा ICJ विश्वस्त छ। हाल नेपालमा एक भन्दा वढि प्रकार को सञ्चारमाध्यमको स्वाामित्व र सञ्चालन गर्ने केवल दुईवटा कम्पनि, ईमेज च्यानल र कान्तिपुर रहेका छन। ईमेज च्यानलको एक एफएम रेडियो स्टेशन र एक टेलिभिजन स्टेशन छ। कान्तिपुरको छापा, टेलिभिजन र रेडियो सञ्चालित छन। त्यसैले यस प्रावधान ल्याउनु पछाडि उत्प्रेरणा भए पनि नभए पनि, वर्तमान संशोधनको व्यवहारिक असर केवल कान्तिपुरप्रति लक्षित छ र यसले केवल कान्तिपुर लाई नै प्रभाव पार्दछ।

त्यसभन्दा पनि, ईटालि, अमेरिका, क्यानडा लगायत अझ धेरै केन्द्रिकृत सञ्चार वजार भएका देशहरुको अनुभवले देखाए अनुसार तिव्र प्रतिर्स्पधात्मक र अति वहुलवादि सञ्चार क्षेत्र निर्माण गर्ने प्रकृया एक जटिल कार्य हो। केवल दुई किसिमको सञ्चार सञ्चालनमा नियन्त्रण गरेर मात्रै अत्यधिक सञ्चार स्वामित्वको केन्द्रिकरणवाट उत्पन्न समस्याहरु समाधान हुदैनन। यथार्थमा कुनै एक संस्थाले ऐच्छिक रुपमानै कूनै एक मात्र प्रसारणमाध्यम सञ्चालन गरेर पनि टेलीभिजन स्टेसनहरु माथी पुर्ण एकाधिकारको स्थापना गर्न सक्छ। अर्को शव्दमा, अध्यादेशले लागु गरेको मापदण्ड अनुचितरुपमा बन्देजपुर्ण र शंभवत प्रभावहिन छ।

**<u>सुझाव</u>**

नेपालमा सञ्चार स्वामित्व नियन्त्रण मापदण्डको आवश्यक्तावारे वृहद अध्ययन गर्न ICJ सरकारलाई आग्रह गर्दछ। आवश्यक्ता स्थापना नभएसम्म रेडियो, टेलीभिजन र छापामध्ये दुई भन्दा वढिलाई एकै समयमा वा पटक पटक गरी अनुमति दिन वन्देज लगाउंने प्रसारण ऐनको दफा ७(१) खारेज गरिनुपर्छ।

## फौजदारी गालीवेइज्जतीको लागी गैरसमानुपातिक संजाय

जरिवानाको धम्कि सरकारले प्रेसलाई नियन्त्रण गर्न सक्ने एक प्रभावकारी साधन हो। साना गल्तिहरुको लागी पनि सञ्चार संगठनहरुमाथी लागु गरिएको जरिवानाले त्यस्ता संगठनहरुलाई राम्ररी नै टाट पल्टाउन सक्छ।[34] त्यसमाथी, केवल संजायको धम्किले अभिव्यक्ति स्वतन्त्रतामा नराम्रो असर पर्नसक्छ। त्यसकारण, जरिवानाले परिमाणमा आधारमा नभई, स्वत: नै अभिव्यक्ति स्वतन्त्रतामा गैरसमानुपातिक वन्देज उत्पन्न गर्नसक्छ र यसवाट अर्न्तराष्ट्रिय कानुनको उल्लंघन हुन्छ।

संयूक्त राष्ट्रसंघिय मानव अधिकार समितीले राष्ट्रहरुलाई सञ्चारसंग सम्वन्धित गल्तिहरुका लागी सो गल्तिका गम्भिर तासगं गैरसमानुपातिक हुने वा अर्न्तराष्ट्रिय मानव अधिकार कानुनको विपरित हुनेगरी कैद वा जरिवानाको प्रयोग गर्नवाट टाढै रहन आव्हान गरेको छ।[35]

यदि सञ्चार विरुद्ध संजाय गर्नैपर्छ भने परिपालना प्राप्तिका लागी सरकारले क्रमिक रुपमा वृद्धि हुने संजाय प्रणालि अपनाउनु पर्छ। जसअर्न्तगत पहिला चेतावनि र अन्तिम अश्त्रका रुपमा जरिवाना गरिनुपर्छ। त्यस्तो प्रथाले समानुपातिक सिद्धान्तको सम्मान गर्दछ।

यस अध्यादेशले छापा ऐन तथा गाली वेइज्जति ऐन दुवैको सँजाय प्रावधानमा संशोधन गरेको छ। यि दुवै संशोधनमा, नयाँ लागु गरिएका संजाय सम्वन्धित अपराधसंग गैरसमानुपातिक छ, त्यसैकारण अर्न्तराष्ठिय मानव अधिकार कानूनको उल्लंघन गर्दछ।

### ■ *गालीवेइज्जति ऐनमा फौजदारी संजाय*

अध्यादेशले गालिवेइज्जति ऐन २०१६ (गालीवेइज्जति ऐन) को संजाय प्रावधानहरु (दफा ५ देखी ८ सम्म) मा संशोधन गरि हुनसक्ने जरिवानाको मात्रामा वृद्धि तथा ६ महिनादेखी २ वर्षसम्मको कैद हुनसक्ने प्रावधान बनाएको छ। अध्यादेशले छापा ऐनको दफा २७ देखी ३० मा समेत संशोधन गरी सोहि ऐनको दफा १४ देखी १७ सम्मको प्रावधानको उल्लंघनमा हुने संजायमा पहिले भन्दा दश गुणा वढि जरिवाना लाग्ने प्रावधान बनाएको छ। केहि अवस्थाहरुमा, उदाहरणको लागी, यदि गालिवेईज्जति हुने लेख प्रकाशन भएमा प्रकाशनको लागी जिम्मेवार व्यक्तिलाइ जरिवाना तथा संजाय दुवै हुनसक्छ। (गालीवेईज्जति ऐन, दफा ५)

गालिवेइज्जतिलाई अपराधका रुपमा लिने कानुनले अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगांउछ। ICJ को विचारमा यसले संरक्षित अभिव्यक्तिको प्रवाहमा अनुचित कठोर प्रभाव सृजना गर्दछ। गालिवेइजजति हुने अभिव्यक्तिले हुने हानीमा फौजदारी संजायको धम्कि अथवा प्रयोग गैरसमानुपातिक प्रतिकृया हो। अन्य राष्ट्रहरुको अनुभवले देखाएअनुसार व्यक्तिहरुको प्रतिष्ठा देवानि उपचार, वेईज्जति हुने व्यक्तिले सो अभिव्यक्तिमा सुधारका लागी प्रयोग गर्न सक्ने अधिकार, जवाफ दिनसक्ने अधिकार लगायतका अन्य उपायहरुको प्रयोगबाट नै प्रभावकारी तरिकाले रक्षा गर्न सकिने हुनाले यस्ता कानूनहरु आवश्यक छैनन।

[34] The General Rapporteur on the Media to the Council of Europe's Parliamentary Assembly noted the use of disproportionate fines in a number of countries, with the effect of bringing the media "to the brink of extinction." Parliamentary Assembly, Council of Europe, *Freedom of Expression in the Media in Europe*, Doc. 9640 revised, 14 January 2003.
[35] Commission on Human Rights Resolution 2002/48, para. 19 (c).

फौजदारी गाली वेईज्जती कानून उचित नभएको सिध्दान्तको सर्मथन विधिशास्त्रमा वढ्दै गईरहेको छ। संयूक्त राष्ट्रसंघिय मानव अधिकार आयोगले फौजदारी गालीवेईज्जतीमा आरोपित एक व्यक्तिको निवेदन स्विकार गर्दै अप्रिल २००५ मा प्रकाशित एक निर्णयमा निम्नलिखीत  भनाईहरु व्यक्त गर्‍यो ।

> 'स्वतन्त्र र सेन्सरबिनाको छापा तथा अन्य सञ्चार माध्यम को अधिकार एवं् अभिव्यक्ति स्वतन्त्रता को अधिकारलाई उच्चतम महत्व प्रदान गर्ने प्रजातान्त्रिक समाजमा, सार्वजनिक शिष्टता को रक्षा गर्न वा आलोचना र विरोधको विषय हुने राष्ट्रपति जस्तो सार्वजनिक व्यक्तित्वको सम्मान तथा प्रतिष्ठाको  रक्षाका गर्नका लागी लेखकहरुमाथी लागु गरिएको संजायको कठोरतालाई समानुपातिक मापक मान्न सकिँदैन ।'[36]

अन्तर अमेरीकी मानव अधिकार अदालतले गरेको दुई महत्वपुर्ण निर्णयमा पनि फौजदारी गालीवेईज्जती कानूनले अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा अनावश्यक र अनुचित बन्देज लगाएको उल्लेख गरेको छ ।[37] यूरोपेली मानव अधिकार अदालतले फौजदारी गाली वेईज्जति कानुनको वैधताको वारेमा निर्णय गर्न वांकि नै भएतापनि, फौजदारी गालीवेईज्जतीका अपराधमा लागु गरीएको संजायले अभिव्यक्ति स्वतन्त्रताको हनन गर्ने गरेको र त्यस्ता संजायको प्रयोग ध्यानपुर्वक निरीक्षण गरेर गर्नुपर्दछ भन्ने धारणा बारम्वार व्यक्त गरेको छ ।[38] यसका साथै विगतका केहि वर्षहरुमा धेरै देशहरुले उनिहरुको फौजदारी गालिवेइज्जति कानून खारेज गरेका छन। यि कानूनहरु अझै कायम भएका धेरै देशहरुमा हालको समयमा यि कानूनहरुको प्रयोग गरीएको छैन ।[39]

सन् २००५ को अक्टोवर महिनाबाट अध्यादेश लागू गरिएपश्चात लमजुंगको 'कर्मदा' साप्ताहिकको मुख्य सम्पादक, सम्पादक र व्यवस्थापकलाई २००५ को जुन महिनामा प्रकाशित भनाईको लागी नयां प्रावधान अनुसार गालीवेइज्जति मुद्दा लगाईयो।[40] अन्तराष्ट्रिय समुदाय र अर्न्तराष्ट्रिय न्यायाधिकरणहरुले अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा अनावश्यक खलल पार्ने आधारमा फौजदारी गालीवेईज्जति कानूनको प्रयोग अस्विकार गरिरहेको यस्तो अवस्थामा त्यस विपरीतको कानून निर्माण गर्ने सरकारको निर्णयप्रति ICJ चिन्तित छ ।

**सुझाव**

गालिवेईज्जति ऐनमा गरिएको संशोधन खारेज गरिनुपर्छ। फौजदारी गालीवेईज्जतिका लागी संजायमा वृद्धि गरिनुहुँदैन ।

संविधान तथा अर्न्तराष्ट्रिय उत्तरदायित्वका आधारमा गालीवेईज्जतिलाई फौजदारी अपराध नबनाउनेतर्फ विचार गरिनुपर्छ।

(११)(क), लाई स्प्रष्टताको लागी पुन: मस्यौदा गरीनुपर्छ । यदि यस प्रावधानको उद्देश्य प्रसारणकर्ताहरुको कार्यक्रम प्रसारण गर्ने क्षमतालाई सिमीत पार्नु हो भने यसलाई खारेज गरिनुपर्छ।

संजायको मात्रा कसुरसंग समानुपातिक हुनुपर्छ र प्रतिस्पर्धि स्वार्थहरुका बिच उपर्युक्त सन्तुलन प्राप्त गर्ने किसिमको हुनुपर्छ।

क्रमिक रुपमा वृद्धि हुने संजाय प्रणालिको शुरुवात गरिनुपर्छ।

सञ्चारसंग सम्वन्धित कसुरका लागी कैद संजाय हुनुहुँदैन ।

[36] Human Rights Committee in *Rafael Marques v. Republic of Angola*, 18 April 2005, CCPR/C/83/D/1128/2002, para 6.8
[37] *Herrera Ulloa v. Costa Rica*, 2 July 2004, Series C, No. 107, and *Canese v. Paraguay*, 31 August 2004, Series C, No. 111.
[38] See for example: *Castells v. Spain*, 24 April 1992, 14 EHRR 445, *Lingens v. Austria*, 8 July 1986, Application No. 9815/82.
[39] Sri Lanka, for example, repealed its criminal defamation law in June 2002, and Ghana repealed its law in 2001. Argentina, Peru, Costa Rica and Paraguay also repealed their *desecato* laws within the last two years. The last time an action for criminal defamation was brought in the UK was in the 1970s, and it was unsuccessful.
[40] Kantipur Online Report, 20 October 2005.

# अध्यादेशमा रहेका अन्य अस्पष्ट व्यवस्थाहरु

## अध्यादेशले प्रसारण ऐनमा दुईवटा संशोधन गरेको जस्का प्रभावहरु स्पष्ट छैनन ।

प्रथमत अध्यादेशले ऐनको परिभाषा खण्डको स्रशोधन गर्दै फ्रिक्वेन्सि मोडयूलेसन प्रसारण प्रणालि (Frequency Modulation Braodcasting System) को परिभाषावाट टेलिभिजन प्रविधि (Television Technology) लाई हटाएको छ। अब कुनैपनि प्रसार ण निकायले तोकिएको च्यानलमा रेडियो प्रविधी (Ratio Technology) प्रयोग गरी गरेको प्रसारण मात्र फ्रिक्वेन्सि मोडयूलेसन प्रसारण प्रणालि (Frequency Modulation Braodcasting System को रुपमा रहन्छ। (दफा (२)(ग))

यो अवधारणा ऐनको दफा ५ संग सम्वन्धित छ, जसअनुसार फ्रिक्वेन्सि मोडयूलेसन प्रसारण प्रणालि स्थापना गरी प्रसार ण गर्न चाहने कुनैपनि व्यक्तिले सरकारसमक्ष अनुमतिपत्र का लागी आवेदन पेश गर्नुपर्दछ। त्यसकारण, समाचार प्रसार णकर्ताहरुलाई अनुमति व्यवस्थाबाट वाहेक गरेजस्तै (माथीका परिच्छेद हेर्नुहोस) टेलीजिजन प्रविधि (Television Technology) सञ्चालकहरुलाई पनि अनुमति व्यवस्थाबाट वाहिर राखिएको छ। प्रसारण ऐनमा अरु कुनैपनि स्थानमा टेलीभिजनका वारेमा स्पष्ट उल्लेख छैन । परिभाषा खण्डमा गरीएको यस संशोधनको वास्तविक प्रभावका बारेमा स्पष्टता आवश्यक छ ।

प्रसारण ऐनमा अध्यादेशद्वारा गरिएको अन्तिम संशोधन उल्लेखयोग्य छ । दफा ११ पश्चात सरकारसंग पुर्वअनुमति नलिईकन 'अन्य स्थानबाट' वा 'एकै समयमा एकभन्दा बढि स्थानबाट' कार्यकमहरुको प्रसारणमा प्रतिबन्ध लगांउदै एउटा नयां दफा थपीएको छ। यस प्रावधानको अर्थ तथा प्रभाव पुर्णरुपमा स्पस्ट छैंन र यस्तो व्यवस्था मनसायपुर्वक नै अस्पष्ट रुपमा राखिएको हुनसक्छ।

ICJ सरकारलाई यो प्रावधान संविधान अर्न्तगत र उद्देश्यमुलक छ भनि स्प्रष्ट हुनेगरी अर्थ लगाउन वा खारेज गर्नको लागी आग्रह गर्दछ । यदि यस प्रतिवन्धको उद्देश्य प्रसारणकर्ताहरुको देशभित्र (वा देशको सिमा वाहिरसम्म) प्रसारण गर्ने क्षमतालाई अनुमतिका आधारमा सिमीत पार्नु हो भने यसले सरकारद्वारा स्वतन्त्र सञ्चार प्रसारणमाथी नियन्त्रण कायम गर्नसक्ने अर्को अनावश्यक संयन्त्रको शुरुवात गर्दछ।

व्यवहारलाई निर्देशित गर्न निश्चितताका साथ आवश्यक जानकारी प्रदान गर्न नसक्ने प्रतिबन्धलाई कानुनद्वारा तोकिएबमोजिमको प्रतिबन्ध भन्न सकिदैन। त्यसैकारण प्रसारण ऐनमा माथी उल्लेख भएअनुसार गरीएको संशोधनले अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा अनुमतियोग्य बन्देजका लागी आवश्यक परीक्षण उर्तिर्ण गर्दैन ।

**सुझाव**

विनाअनुमति एकैपटक एकभन्दा वढि स्थानबाट कार्यक्रम प्रसारणमा प्रतिबन्ध लगाउने नंया दफा (११)(क), लाई स्प्रष्टताको लागी पुनः मस्यौदा गरीनुपर्छ। यदि यस प्रावधानको उद्देश्य प्रसारणकर्ताहरुको कार्यक्रम प्रसारण गर्ने क्षमतालाई सिमीत पार्नु हो भने यसलाई खारेज गरिनुपर्छ।

**समाप्त**